# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

विद्यालय समाजमा रहने भएकाले सामाजिक उत्तरदायित्व पूरा गर्नु पर्छ । विद्यार्थी भर्नादर बढाउने, सिकाइ उपलब्धिदर बढाउने, अभिभावकहरुलाई विद्यालयको गतिविधिमा बढी भन्दा बढी सहभागि गराउने, विद्यालय व्यवस्थापनमा अभिभावकहरुको चसो बढाई संस्थागत सुसासनको विकास गर्दै समस्या समाधान र निर्णय प्रक्रियामा स्थानीय समुदायलाई अग्रसर गराउने जस्ता कार्यहरु विद्यालयका नियमित कार्य हुन । यसरी स्थानीय समुदायलाई विद्यालय व्यवस्थापनमा सरिक गराउन सकेमा मात्र शैक्षिक लगानीमा बृद्धि भई विद्यालय आर्थिक रुपमा सुदृढ हुन सक्छ । हरेक प्रधानाध्यापक शैक्षिक र प्रशासनिक प्रबन्धक मात्र नभई विद्यालयको एक आर्थिक व्यवस्थापक पनि मानिन्छ । सम्भव भए सम्म अधिकतम उपलब्धि प्राप्तीका लागि विद्यालयको मानवीय, भौतिक र वित्तिय स्रोत साधनलाई अधिकतम परिचालन र पारदर्शी अभिलेख राख्नुपर्छ (शिक्षा मन्त्रालय, २०६३)।

विद्यालय समाजको अभिन्न अंग हो । विद्यालयमा विभिन्न स्रोतबाट आम्दानी हुने र विभिन्न शीर्षकमा खर्च हुने गर्छ । अर्थात विभिन्न किसिमका आर्थिक कारोबारहरु हुन्छन् । ती आर्थिक कारोबारहरु वैज्ञानिक लेखा प्रणालीको सिद्धान्तमा आधारित भएर राख्नु पर्छ । विद्यालयले शैक्षिक लक्ष्यको अलवा भौतिक र आर्थिक लक्ष्यहरु आवधिक रुपमा तय गरेका हुन्छन् । यसरी संस्थाहरुले तय गरेका लक्ष्य अनुसार के कस्तो कार्यक्रमहरु सम्पन्न भए, उपलब्धि कति हासिल भयो भन्ने विषयमा आवधिक मूल्याङ्कन हुन जरुरी हुन्छ । विद्यालयहरुमा भएका त्यस्ता क्रियाकलापहरुको मूल्याङ्कन वित्तिय लेखा परिक्षण र सामाजिक परीक्षणको सहायताले गर्ने गरिन्छ । वित्तिय लेखा परिक्षण र अन्तर्गत एक आर्थिकवर्ष भित्र भएका आर्थिक कारोबारहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत बीचार गरी रुजु गर्ने र परिक्षण गर्ने कार्य पर्दछ । भने सामाजिक परीक्षण अन्तर्गत विद्यालयले एक शैक्षिक सत्रमा सामाजिक उत्तरदायित्वको क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेका कार्यहरुको मूल्याङ्कन पर्दछ (खड्का, २०६२)।

हरेक क्षेत्रमा व्यवस्थापनको स्थान सर्वोपरी छ । घर, क्लव, विद्यलाय, व्यवसायिक संस्था, सरकारी कार्यलय, सामाजिक संघ संस्था आदि जनुसुकै संगठनको उद्देश्य हासिल गर्न र प्रभावकारी परिचालन गर्नको लागि सामुदायिक प्रयासको आवश्यकता पर्दछ । यसैगरी शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरु प्रभावकारी स्वय् सफलतापूर्वक सञ्चालन गराउने प्रक्रिया हो । यस भित्र योजना, सङगठन, निर्देशन नियन्त्रणको प्रभावकारीतामा शैक्षिक उद्देश्य प्राप्त गर्ने एक प्रक्रियाको रुपमा शैक्षिक व्यवस्थापन रहेको हुन्छ (कोइराला र साथीहरु, २०६४) ।

शैक्षिक संस्थाले आफ्नो लक्षित उद्देश्य पूरा गर्नका लागि आफूसँग भएको सिमित स्रोत साधानलाई इमान्दारी र विवेकपूर्ण तरिकाले परिचालन गर्नुपर्छ । यस्तो अवस्थामा मात्र शैक्षिक संस्थाहरुले आफ्नो लक्ष्य हासिल गर्न सक्छन् । शैक्षिक प्रशासन र अर्थको नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । प्रशासन संयन्त्रले गति पनि काम गर्छ, त्यसमा आर्थिक क्रियाकलापो संलग्नता रहेको हुन्छ (स्नातकोत्तर क्याम्पस, विराटनगर २०६३) ।

सामाजिक लेखा परीक्षण खास गरी व्यवसायिक जगतबाट सरु भएको पाईन्छ । व्यवसायको समाजप्रति उत्तरदायित्व भएकोले सन् १९५० मा हवार्ड आर वोवेनले सामाजिक लेखापरीक्षणको अवधारण भित्रयाएका थिए । यसको प्रारम्भ व्यवसायिक जगतबाट भए पनि हाल गैरसरकारी र सरकारी संघ संस्थामा पनि यसको कार्यान्वयन गर्न थालिएको छ । खास गरी सामुदायिक उत्तरदायित्व बोकेका संघ संस्थाले यस्तो सामाजिक परीक्षण गर्दा एवम् साधारणले सामाजिक संस्था प्रति विश्वास गर्छन र विभिन्न प्रकारको सहयोग प्रदान गर्छन ( खड्का, २०६२) ।

सरकारी विद्यालयहरुमा आम्दानीका स्रोतहरु बृद्धि हुदै जाँदा विद्यालयको आर्थिक अवस्था सुदृढ हुँदै जान्छ । विद्यालय नै मानव स्रोत उत्पादन गर्ने थलो हो । मानवीय संसाधनका विकासले मात्र समग्र राष्ट्रको विकास सम्भव हुन्छ ( कोइराला, २०६२) ।

राष्ट्रका लागि सवल सक्षम जनशक्तिको उत्पादन शैक्षिक विकासमा निर्भर रहन्छ । शिक्षाको गुणस्तर पहुँच आर्थिक सक्षमतासँग जोडिन पुग्दछ । आर्थिक आवस्था सवल भएमा शैक्षिक क्षेत्रको व्यवस्थापन राम्रो गर्न सकिन्छ । गुणस्तरयुक्त शिक्षाका लागि प्रभावकारी शिक्षण, शैक्षिक सामग्रीको व्यवस्था, विद्यार्थी संख्याका आधारमा विषयगत दक्ष शिक्षक भौतिक सुविधा,

अर्थपूर्ण सिकाइ, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप आदिले प्रभाव पर्दछ । मानिस सामाजिक प्राणी भएकाले समाजमा बस्दा विभिन्न समूह संघ संस्था तथा संगठनमा आवद्ध हुन्छ । प्रत्येक सङ्घ संस्थाका उद्देश्यहरु पुरा गर्न मानवीय, भौतिक आर्थिक पक्षहरुको प्रबन्ध गर्ने तौरतरिकाको छनौट गर्ने, सरल र व्यवस्थित ढङ्गले उद्देश्य प्राप्तीका लागि गरिने प्रबन्ध नै व्यवस्थापकीय प्रबन्ध हो । कुशलतापूर्वक साधान र स्रोतको परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ ।

यसर्थ संगठनको निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने स्रोत र साधन जुटाई व्यवस्थित ढंगले सञ्चालन र समन्वय गर्ने प्रक्रिया व्यवस्थापन हो । नेपालमा शैक्षिक व्यवस्थापनको इतिहास गरुकुल, राजकुल, पीठकुल, ऋषिकुल पद्दतिबाट शुरु भएको नेपालको प्राचिन शैक्षिक व्यवस्था लिच्छवीकालमा शिक्षाको क्षेत्रमा व्यापक विस्तार भएको हामी पाउछौँ । नेपाली विद्यार्थीहरुलाई वेद व्याकरण, न्याय, दर्शन साहित्य, ज्योतिष आदि विषयमा त्यसवेलामा अध्ययन गराइन्थ्यो । राणाकालिन प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९१० आश्विन २७ गते अग्रेजी शिक्षाको दरवार हाई स्कुल स्थापना पश्चात मात्र औपचारिक शिक्षाको थालनी भएको थियो । देव शमशेरको पालामा १०० भन्दा बढी स्कूल खुलेका थिए । बभ्फाङ्गी राजा जयपृथ्वीबहादुर सिंहले अक्षरङ्ग पुस्तक लेखी औपचारिक पाठ्य पुस्तकको शुरुवात भएको देखिन्छ । चारपासे, छ पासे, नेपाली भाषा प्रकाशिमी समिति, श्रेष्ता पाठ्शाला, पासजाँच अड्डा, कन्या स्कूल वि.सं. १९७५ मा त्रिचन्द्र कलेज १९८७ मा टेक्निकल स्कुल, वि.सं. १९९० मा एस.एल.सी परीक्षा वोर्ड वि.सं. १९९६ मा प्रकाशित शिक्षा इस्तिहार, प्राथमिक पाठ्यक्रम जस्ता पक्षहरु राणाकालका शिक्षामा भएका महत्वपूर्ण शैक्षिक व्यवस्थापनका कार्यहरु हुन् (कोइराला, अन्य साथीहरू, २०६४) ।

विद्यालयले समाजको आवश्यकता अनुसारको शिक्षा पूर्ति गर्नुको साथ साथै समाजको अपेक्षा अनुसार जनशक्ति उत्पादन गर्नुपर्छ । समाजको आवश्यकता विद्यालयले पूर्ति गर्न नसकेमा समाजको विश्वास प्राप्त गर्न सक्दैन । यसर्थ विद्यालयले समाज प्रतिको उत्तरदायित्व पुरागर्नु पर्छ । समाजको सबैभन्दा विश्वसनीय अग्रणी संस्थाको रुपमा विद्यालयलाई स्थापित गर्न विद्यालय व्यवस्थापकले सामाजिक परीक्षण गर्नु अपरिहार्य छ । विद्यालयमा प्र.अ. शिक्षकहरुलाई जिम्मेवार र कर्तव्य परायण बनाउने कार्यमा समाजिक परीक्षणले मद्दत पऱ्याउँछ । सामाजिक

परीक्षणले विद्यालको सबै पक्षको चौतर्फी विकासद्वारा उच्च सिकाइ उपलब्धी सुनिश्चित गर्नुका साथसाथै आन्तरिक कुशलता अभिबृद्धि गरी शैक्षिक क्षतिलाई न्यून गराएर उच्चतम प्रतिफल हासिल गर्न मद्दत पुऱ्याउदैछ । विद्यालयको सम्पूर्ण गतिविधि र क्रियाकलापको पारदर्शिताले अभिभावकत्वहरुलाई विद्यालय व्यवस्थापनमा चासो बढाउछ (खतिवडा, २०६६)।

शिक्षा सबै क्षेत्रको विकासको पूर्वाधार मानिन्छ । समाज र राष्ट्रको युग सापेक्ष विकासका लागि देशको शिक्षा प्रणाली समुन्नत र सुदृढ हुन जरुरी हुन्छ । त्यसका लागि पाठ्क्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन पद्धति व्यवहारिक र गुणस्तरीय भएर मात्र पुग्दैन, त्यसको कार्यान्वयन स्थल विद्यालयको व्यवस्थापन र व्यावस्थापकीय पक्ष पनि राम्रो हुनु पर्छ । राम्रो व्यवस्थापनका लागि विद्यालय व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारी पाएको व्यवस्थापन समिति र विद्यालय प्रधानाध्यापकको नेतृत्व सक्षम हुनु पर्छ सक्षम र सवल नेतृत्व र व्यवस्थापकीय कुशलताको अभावमा कतिपय सामुदायिक तथा संस्थागत विद्यालहरु पर्याप्त स्रोत साधन विद्यमान हुँदाहुँदै पनि कमजोर शैक्षिक उपलब्धिका कारण आम अभिभावकको विश्वास गुमाउदै गएको अवस्था छ भने कुशल नेतृत्व र जिम्मेवार व्यवस्थापन समितिको सक्रियताका कारण केहि सामुदायिक विद्यालयमहरु आकर्षणको केन्द्र बन्न पुगेको पाइन्छ । विकेन्द्रित शैक्षिक व्यवस्थापनको अवधारणालाई आत्मसात गर्दै शिक्षा ऐन, नियमावलीले स्थानीय तह खास गरी विद्यालय व्यवस्थापन समितिलाई महत्वपूर्ण अधिकार प्रयोग र उत्तरदायित्व प्रदान बहन गर्ने विषयमा अन्योल र अस्पस्टता रहेको पाइन्छ । शिक्षा ऐन, नियमावलीमा भईरहने परिवर्तन र नविन नीति एवं कार्यक्रमहरुका बारेमा सही जानकारी समयमा प्राप्त गर्न नपाउँदा विद्यालय व्यवस्थापन समिति र शिक्षकलाई समस्या परेको गुनासो आउने गरेको छ । विद्याललाई प्राप्त हुने छात्रबृत्ति व्यवस्थापन अनुदान लगायतका रकमहरुको खर्च गर्ने प्रक्रिया, लेखा प्रणाली पारदर्शिता, सामाजिक परीक्षण, शिक्षक व्यवस्थापन, विद्यार्थीको उपलब्धि विश्लेषण जस्ता कार्यहरु व्यवस्थित गर्न मार्ग दर्शन गर्ने तथा सहयोग पुऱ्याउन सक्ने विषयहरु व्यवस्थापकीय पारदर्शिता अभिभावकहरुमा विद्यालय व्यवस्थापनमा चासो बढाउछ ।

विद्यालयको सम्पूर्ण गतिविधिहरुमा सरोकारवालाहरुको प्रत्यक्ष संलग्नता रहनु पर्ने र उनीहरुको जानकारीमा रहनु पर्ने मान्यता अनुरुप सरोकारवालहरुको संलग्नतामा विद्यालयका

आवधिक गतिविधिको समुचित परीक्षण गरी त्यसको रिपोर्टिङ गर्ने कार्य सामाजिक परीक्षण हो (जि.शि.का., धनकुटा, २०६९) ।

समाजको सामाजिक रुपमान्तरण, शिक्षाको माध्ययबाट हुन्छ । समाजले सचेत, सक्षम र सुसुचित नागरिकको परिकल्पना गरेको हुन्छ । यसका अतिरिक्त शिक्षाले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका उत्पादनशील जनशक्ति निर्माण गर्दछ । त्यसैले शिक्षा सामुहिक तथा आर्थिक विकासको आधारशिला हो । तसर्थ आधुनिक समाजले शिक्षालाई भावी पुस्ताको समाजिकीकरण गर्न, नागरिक योग्यताको विकास गर्न, मानवीय मुल्यमान्यता र अन्तराष्ट्रिय भावनाको कदर गर्न नागरिकको आर्थिक क्षमता अभिबृद्धि गर्ने, प्राकृतिक स्रोत सामाजिक परम्परा र संस्कृतिको संरक्षण र संबर्द्धन गर्नका साथै राष्ट्रप्रति प्रेम र श्रमप्रति सम्मान गरी नयाँ ज्ञान, सीप र प्रविधिको विकास एव्र उपयोग गर्ने बहु आयामिक साधनको रुपमा लिएको पाइन्छ (वर्तौला, २०६५) ।

विद्यालयका सम्पूर्ण गतिविधिहरुमा सरोकारवालाको प्रत्यक्ष संलग्नता रहनु पर्ने र सरोकारवालाको प्रत्यक्ष सहभागितामा विद्यालयका गतिविधिहरुको समुचित परीक्षण हुनु पर्ने मान्यता अनुसार शिक्षा नियमावली २०५९ को नियम १७१ (क) मा सामाजिक परिक्षण गर्ने व्यवस्था भएकोले यस कार्यलाई व्यवस्थित गर्नका लागि आवश्यक प्रक्रिया निर्धारण गर्न तथा जिम्मेवार संस्था तथा पदाधिकारीको उत्तरदायित्व एवं भूमिका सुनिश्चित गर्न शिक्षा नियमावली, २०५९ को नियम १९२ ले दिएको प्रयोग गरी शिक्षा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका तयार गरेको छ । यस निर्देशिका बमोजिम सामाजिक परीक्षण समितिमा शि.अ.सं. का अध्यक्ष संयोजक रहने गरी महिला सदस्य सहितको ९ सदस्य सामाजिक लेखा परीक्षण समिति रहने छ । यस परीक्षण प्रत्येक वर्ष भाद्र मसान्त भित्रमा गत आ.व.को लेखा परीक्षण गरी सकारात्मक र सुधार गर्नु पर्ने विषय समेत स्पष्ट खुलाई स्रोत केन्द्र र जि.शि.का. मा पेशामा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था मिलाएको (शिक्षा मन्त्रालय, २०६५) ।

यसरी माथीका कुराहरुबाट के स्पष्ट हुन्छ भने आजको बदलिदो परिस्थितमा व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परिक्षण गर्नु आवश्यक रहेको कुरा स्पष्ट हुन्छ । केही विद्यालयहरुमा आर्थिक, भौतिक, शैक्षिक गतिविधि र क्रियाकलाप अभिलेख व्यवस्थित राखिनु साथै सरोकारवालाहरु समक्ष त्यसको सार्वजनिक समेत गरिन्छ भने केही विद्यालयहरुमा

सरोकावालाहरु अनविज्ञताको कारण र संस्था प्रति चासो कमीका कारण आर्थिक क्रियाकलापहरुको व्यवस्था सन्तोषजनक पाउन सकिएको छैन । यसको निराकण र सामुदायिक सहभागिताका लागि सरकारी स्तरबाट सामाजिक परीक्षणलाई अघि सारी कार्यान्वयन गर्न थालिएको छ ।

यसै परिप्रेक्षमा शै. सं.२०६३ देखि सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण गर्ने परिपाटीको थालनी भएको छ । यसबाट विद्यालयको व्यवस्थापकीय पारदर्शिताका लागि के कस्तो प्रभाव पारिरहेको छ भनी खोज अनुसन्धन गर्न यो शोध कार्य गरिने छ ।

## १.२. समस्याको कथन

विद्यालयलाई राम्रो सँग चलाउन (सञ्चालन) गर्न सक्षम जनशक्ति र कुशल नेतृत्वको आवश्यकता पर्दछ । जसले भौतिक पूर्वाधार, शैक्षिक वातावरण, आधारभूत सुविधाहरुको बृद्धि र व्यवसायिक पारिदर्शिताले वा आर्थिक पारदर्शिताले शैक्षिक गुणस्तर अभिबृद्धिदर महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समुदाय र विद्यालयको सम्बन्ध दरिलो र सुदृढ पार्न स्थानीय अभिभावकहरुको सहभागिता आवश्यक हुन्छ । विद्यालयमा हुने एउटा समस्या प्रधानाध्यापकबाट आर्थिक पारदर्शितालाई अभिभावक समक्ष प्रस्तुत गर्न नसक्नु नै हो । विद्यालयमा विभिन्न स्रोतहरु, प्राप्त आम्दानी खर्चको वैज्ञानिक तथा व्यवस्थित हिसाब किताव नराख्ने तथा समयमा लेखा परीक्षण नगराउने जस्ता कारणले गर्दा विद्यालयमा अभिभावक तथा सरोकारवाला व्यक्तिहरु विद्यालयबाट टाढिने गरेका छन् । उनीहरुले आफ्ना बालवालिकाहरुलाई समेत संस्थागत विद्यालयमा पढाउने गरेका छन् ।

विद्यालयको चौतर्फी विकासमा आर्थिक स्रोत साधनको अहम भूमिका हुन्छ । विद्यालयमा विभिन्न स्रोत र शीर्षकको आम्दानी र खर्चको वैज्ञानिक एवम् सुव्यवस्थित अभिलेख नराख्दा, समयमा सामाजिक लेखा परीक्षण नगर्दा, लेखा परीक्षण प्रतिवेदन समुदायका अभिभावक तथा सरोकारवालाहरुलाई सार्वजनिक नगरी गुम्रामा पारी राख्दा, लेखा परीक्षण प्रतिवेदन हेर्ने, सुन्ने, छलफल गर्ने र अन्तरक्रिया गर्ने अवसर नपाउँदा अभिभावकहरु विद्यालयबाट टाढिएका, विद्यालयको गतिविधि र क्रियाकलापमा अभिभावकहरुको सक्रिय सहभागिता घटेको छ । स्थानीय आवश्यकता र अवस्थालाई समेटेर विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरुले

विद्यालय कार्ययोजना निर्माण गर्न सकेका छैनन् । विद्यालयको आर्थिक, शैक्षिक, भौतिक र व्यवस्थापकीय पारदर्शिताले विद्यालय सञ्चालनमा सहयोग पुग्न सक्ने कुरामा दुइमत छैन । जसको परिणाम स्वरुप शैक्षिक लगानीमा बृद्धि भई सिकाइ उपलब्धि र शैक्षिक गुणस्तरमा बृद्धि गर्न सकिन्छ ।

सामाजिक परीक्षणले विद्यालय सुसंचालन र अभिभावकहरुको सहभागिता बृद्धिका लागि के कस्तो भूमिका निर्वाह गरेको छ ? आर्थिक पारदर्शिता कस्तो छ ? सुसासनमा क-कस्तो सहयोग छ ?  सो को पहिचान गर्ने, सामाजिक परिक्षणको प्रभावकारीता हेर्ने, सामाजिक परिक्षणको कार्यान्वयनको अवस्थाको पहिचान गर्ने, आर्थिक पारदर्शिताका समस्याहरु र समाधानका उपायहरुको उपयुक्त सुझावहरुले व्यवस्थापकीय पक्षको पारदर्शिताको लागि यो अध्ययनले अगाडी बढाउने छ । यति हुँदाहुँदै पनि हालको विद्यमान सामाजिक परिक्षणको कार्य व्यक्तिगत छलफलबाट माथि उस्किन नसकिरहेको विद्यमान आवस्था र कागजी प्रकृयाका कारणले मात्र काम चलाई रहेको परिस्थितीको कारण, सामाजिक परिक्षणले भौतिक, शैक्षिक आर्थिक पक्षमा समुदायले नजिकबाट नियाल्न सकुन भन्ने अपेक्षाका साथ यो अध्ययन गर्ने प्रयास गरिएको छ ।

उपयुक्त कारणहरुले गर्दा मैले व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण भन्ने शीर्षक छानि अनुसन्धान गर्ने र सामाजिक परीक्षणको पहिचान गरी विद्यालयमा सामाजिक परीक्षणमा देखिएका समस्याहरु पत्ता लगाउन र ती समस्याहरुको समाधानको उपायहरु पत्ता लगाई तिनको समाधान गर्ने तरिकाको बारेमा सरोकारवालाहरु सबैलाई जानकारी दिन आवश्यक ठानेकोले यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा सबै क्षेत्रको पूर्वाधार मानिन्छ । समाज र राष्ट्रको युग सापेक्ष विकासका लागि देशको शिक्षा प्रणाली समुन्नत र सुदृढ हुन जरुरी हुन्छ । गुणस्तरीय शिक्षा आजको समयको माग हो । गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम, सवल, सृजनशील, कर्तव्यनिष्ठ नागरिक तयार गर्नु विद्यालयको एक मात्र काम हो । यसका लागि शिक्षण विधि र सीपमा तालिम प्राप्त शिक्षकको जरुरत पर्दछ । जसले शिक्षाका लागि राज्य, स्थानीय निकाय, गैर सरकारी संघ संस्था अभिभावक, समुदायले लगानी गरेका हुन्छन् । यसरी गरिएको लगानीको सहि कार्यान्वयन र पारदर्शिताले आय-व्ययले मात्र सरोकारवालाहरुको चासो बढ्नुको साथै आम अभिभावकहरुको सहभागितामा र विद्यालय व्यवस्थापन संचालकहरुको जति राम्रो आकर्षक र वस्तुपरक उद्देश्य रहेता पनि कार्यान्वयन पक्ष फितलो र कमजोर भएमा त्यो अपाङ्ग योजना हुन पुग्छ । जसले समय र श्रमको वर्वादी मात्र पार्दछ ।

सामाजिक परीक्षण विद्यलायको व्यवस्थापकीय पारदर्शिताका लागि प्रभावकारी कार्यक्रम हो । जवसम्म व्यवस्थापन कर्ताहरुले वा विद्यालयसँग सम्बन्धित जिम्मेवार प्र.अ., वि.व्य.स., शि.अ. संघ आदिले विद्यालयको आर्थिक पारदर्शिता प्रभावकारी भूमिका निर्वाह गर्दैन जसले गर्दा शैक्षिक गुणस्तरमा बृद्धि हुदैन । सामाजिक परिक्षणले विद्यालयको भौतिक, शैक्षिक र आर्थिक अवस्था कस्तो छ भन्ने कुराको जानकारी सरोकारवाला दिन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न सकेमात्र मुलुकको चौतर्फी विकास सम्भव छ । सरस्वतीको मन्दिर भनिने विद्यालयले भोलिका भविष्यका दक्ष जनशक्ति राष्ट्रका कर्णधार उत्पादन गर्ने विद्यालयले वर्ष भरीमा के कति आम्दानी कुन कुन स्रोतबाट हुन्छ । विद्यालयको भवन, खेलमैदान, पुस्तकालय, शौचालय, कक्षाकोठाको आकार, प्रकार, फर्निचरको अवस्था, विद्यार्थीको भर्नादर, उत्तीर्ण दर, कक्षा छाड्ने र दोहोऱ्याउने दर, सिकाइ उपलब्धि आदिको बारेमा अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, सि.अ. संघ लगायत सरोकारवाला संघ संस्था आदिलाई जानकारी गराउँछ । विद्यालयमा भएका सवल र दुर्वल पक्षहरुको सुक्ष्म तवरबाट अध्ययन गर्दछ । जसले गर्दा कमजोर पक्षलाई पृष्ठपोषण प्रदान गर्दछ । प्र.अ. लाई सहि बाटोमा सदैव हिड्न र हिडाउनको लागि सदैव सचेत गराउने काम सामाजिक परिक्षणले गर्दछ । विद्यालय सेवा क्षेत्र भित्रका आम अभिभावकहरुलाई विद्यालयलाई सिकाइ उपलब्धि बृद्धि गर्न, समुदायका सबै खाले

वालवालिकाहरुलाई विद्यालयमा भर्ना हुन मद्धत गर्दछ । तर यसका अतिरिक्त सामुदायिक विद्यालयमा सामाजिक परिक्षणबाट सन्तोषजनक नतिजा भने आउन सकिरहेको छैन । विद्यालय प्रति हेर्ने दृष्टिकोण अभिभावकहरुको सहि ढंगबाट भएको छैन यसमा अभिभावकका गुनासो यथावतै छ । अभिभावकहरुलाई विद्यालय व्यवस्थापन र संचालनमा आकर्षित गर्न सकिएको छैन । कक्षा छाड्ने, सिकाइ उपलब्धिदरमा बृद्धि गर्ने, कक्षा दोहो¥याउने, र सबै समुदायका वालवालिकाहरुलाई समयमा नै विद्यालय भर्ना, समेत गर्न सकिएको छैन । जसले गर्दा विद्यालयको आर्थिक, शैक्षिक र भौतिक अवस्था अहिले पनि अस्तव्यस्त रहेको छ ।

सामाजिक परिक्षणले विद्यालय व्यवस्थापन भित्र के कस्ता गतिविधिहरु हुने गर्दछन् ती कुराहरुको लेखाजोखा तथा मूल्याङ्कन गर्ने एउटा कसी यसमा रहेको छ । सामाजिक परिक्षणले विद्यालय व्यवस्थापनमा पारेको विभिन्न प्रभावलाई सूचना तथ्याङ्कहरु संकलन गर्नु, प्राप्त सूचनाका आधारमा विद्यालय व्ययवस्थापनमा त्यसको वर्तमान अवस्था कस्तो रहेको छ । सो कुरा पत्ता लगाउनु पर्छ । प्राप्त तथ्याङ्क र सूचनाका आधारमा के के सुधारहरु गर्न सकिन्छ । त्यसका उपायहरु अवलम्बन गर्ने तर्फ सम्बन्धित निकायहरुलाई आवश्यक सुझाव दिनु र अभिभावकहरुले गर्ने गुनासोलाई कमि गर्ने उपायहरु र विद्यालयको व्यवस्थापन र संचालनमा अभिभावकहरुको संम्लग्नता र सहभागिता बृद्धि गर्ने उपायहरुको खोजी गर्न र आवश्यक सुझाव दिनुपर्ने यस अध्ययनको औचित्य रहेको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) सामाजिक परीक्षणको वर्तमान अवस्था पहिचान गर्ने ।

ख) व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षकको प्रभावको लेखाजोखा गर्ने ।

ग) सामाजिक परीक्षणमा देखा परेका समस्याहरु पत्ता लगाउने ।

घ) सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

उपर्युक्त उद्देश्यहरुलाई पुरा गर्नका निमित्त सरोकारवालाहरुसँग निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोजने जमर्को गरिने छ ।

क) के सामाजिक परिक्षणले आर्थिक पारदर्शिता ल्याएको छ ?

ख) विद्यालयहरुको सामाजिक परिक्षणको विद्यमान अवस्था कस्तो छ ?

ग) के सबै विद्यालयहरुमा सामाजिक परिक्षण गरिन्छ ?

घ) सामाजिक परिक्षणले विद्यालय प्रशासनमा सुसासनमा अभिबृद्धि गरेको छ की छैन ?

ङ) सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा के कस्तो सुधार ल्याएको छ ?

च) सामाजिक परीक्षणको कार्यान्वयनमा के कस्ता समस्याहरु छन् ?

छ) विद्यालयहरुमा सामाजिक परीक्षणले आर्थिक पारदर्शिता कसरी ल्याएको छ ?

ज) सामाजिक परीक्षणको समस्याहरुलाई सामाधानका उपायहरु  के के हुन ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई धनकुटा जिल्ला अर्न्तगत मार्गा स्रोतकेन्द्रका ३ वटा गा.वि.स. आँखिसल्ला, वेलहारा र चुङ्गवाङ्गका उ.मा.वि., मा.वि., नि.मा.वि. र प्रा.वि. तहका सामुदायिक विद्यालयमा सीमित गरिएको छ । यस अध्ययनमा मार्गा स्रोतकेन्द्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये ४ वटा विद्यालयलाई सम्भाव्यतामा आधारित नमूना छनौट विधि अन्तर्गत छनौट गरी सामाजिक परीक्षणको प्रभावकारीता हेरिएको छ । स्रोतकेन्द्र अन्तर्गत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शि.अ.संघका पदाधिकारीहरु प्र.अ.हरुमा अध्ययनलाई सीमित गरिएको छ ।

## १.७ मुख्य शब्दावलीहरुको परिभाषा

सामाजिक परिक्षण : विद्यालयको आर्थिक, भौतिक र शैक्षिक पक्षसँग सम्बन्धित लेखाजोखा तथा मुल्याङ्कन गर्ने

सामुदायिक विद्यालय : नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विद्यालय

आर्थिक पारदर्शिता : आम्दानी र खर्चको स्पस्टता

विकेन्द्रीकरण : केन्द्रमा भएको अधिकार स्थानीय तह सम्म पुऱ्याउने काम

लेखा परिक्षण : कुनै संघ संस्थाले कारोबार गरेको काम ठिक छ कि छैन भनि पुनः जाँच रुजु गर्ने काम

सरोकारवाला : विद्यालयसँग प्रत्यक्ष संलग्न हुने वि.व्य.स., शि.अ.संघ शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ. स्रोतव्यक्ति

# परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययन तथा अनुसन्धानको क्रममा विभिन्न पत्र पत्रिका पुस्तक लेख रचना तथा मावन सम्बन्धको सिद्धान्त, विकेन्द्रकीकरणको सिद्धान्त र वैज्ञानिक सिद्धान्तमा आधारित रहि यस अध्ययन तथा अनुसन्धानलाई सम्पन्न गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कोइराला (२०६२) ले सम्पादन गर्नु भएको शिक्षा, प्रशासनका आयामहरु पुस्तकमा विकेन्द्रीकरण सम्बन्धमा जनसहभागिता, जनशक्तिकरण, सुशासन, कानुनी शासन, पारदर्शी कार्यशैली तथा क्रियाशील जवाफदेहिता नै विकेन्द्रीकरणका सैद्धान्तिक आधारहरु हुन (सिन्हा २०६२ बाट उदृत) उनकै अनुसार विकेन्द्रीकरणले विद्यालय सुशासनमा पनि जोड दिन्छ । सृदृढ नागरिक समाज वैधानिक व्यवस्था पारदर्शिता उत्तरदायित्व आदि सुशासका आधारभुत तत्वहरु हुन । विद्यालय सुशासन व्यवस्थाले प्रशाननिक, व्यवस्थापकीय तथा सुपरिवेक्षण क्षेत्रका निर्णयाधिकार स्थानीय तहमा नै सुम्पेको हुन्छ । वित्तीय गतिशिलतामा बृद्धि, व्यवस्थापकीय क्षमताको अभिबृद्धि वित्तीय स्रोतको पूनः बाँडफाँड, प्रजातान्त्रिक सहभागितामा बृद्धि, स्वच्छ प्रतिस्पर्धात्मक शक्तिको विकास, शैक्षिक गुणस्तरमा अभिबृद्धि आदि विद्यालय सुशासन व्यवस्थाले गर्दछ । स्थानीय क्षेत्रको प्रशासन स्थानीय सरोकारवालाद्वारा नै चलाइने कार्यहरु स्थानीय शासन हो । गुणात्मक र समतामूलक शिक्षाको सुनिश्चिता नै विद्यालय सुशासनको उद्देश्य हो । नेपालमा शैक्षिक विकेन्द्रीकरणको अभ्यासको रुपमा नेपालको संविधान २०१९ र २०४७ स्थानीय स्वायत्त शासन ऐन २०५५ शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संसोधन सहित) दशौँ योजना (२०५९-२०६४) आन्तरिक संविधान २०६३ विद्यालय समुदायमा हस्तान्तरण गर्ने निर्देशिका २०५९ सामाजिक परीक्षण निर्देशिका २०६५ आदि लागु गरी कार्यान्वयन गर्ने प्रयत्नहरु भएका छन् ।

विद्यालय लेखा व्यवस्था (२०६४) का अनुसार कुनै संगठन वा कार्यक्रमले प्राप्त गरेको साधन वा स्रोत त्यसको उद्देश्य प्राप्त गर्न तथा निश्चित उपलब्धि हासिल गर्न सकेको छ छैन र सो सम्बन्धी सम्पूर्ण उत्तरदायित्व उचित रुपबाट गरेको छ छैन भन्ने कुराहरुको विश्तृत छलफल तथा अन्तरक्रियामा गरिनु पर्दछ । साथै सो कार्य संचालनमा के कस्तो समस्या तथा कमजोरीहरु छन् र तिनीहरुको सामधान कसरी गर्न सकिन्छ भन्ने विषयमा लाभान्वित समूह र सरोकालवाला बीच छलफल तथा अन्तक्रिया गरी सुधारको लागि व्यवहारिक सुझावसहित सहभागिता प्राप्त गर्न सामाजिक परीक्षणको उद्देश्य हो ।

शिक्षा मन्त्रालय २०६७ का अनुसार विद्यालयको भौतिक, मानवीय, आर्थिक, तथा सामुदायिक स्रोत साधनलाई विद्यार्थीहरुको सिकाइसँगै मिलाउनु नै विद्यालय व्यवस्थापन हो । विद्यालय व्यवस्थापन शिक्षाको व्यापक क्षेत्रलाई समेटने विषय पनि हो । यस अन्तर्गत विद्यालय शिक्षाको लागि सरकारी निकायहरुबाट गरिने विभिन्न गतिविधिहरु तथा स्थानीय निकायहरु विद्यालयहरुका लागि गरिने व्यवस्थापकीय कार्यहरु समेत पर्दछ ।

विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन तथा काम कर्तव्य, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन नियम कानुनको परिपालना, शिक्षक विद्यार्थी आचारसंहिता निर्माण तथा कार्यान्वयन समुदाय परिचालन, सामाजिक परीक्षण लगायतका विद्यालय सुशासन सम्बन्धी विषयहरु समेटीएको हुन्छ । उल्लेखित पक्षहरुको समुचित व्यवस्थापनले विद्यालयको कार्यकुशलता, दक्षता र गुणस्तरमा सकारात्मक प्रभाव पर्दछ । यसैले विद्यालयको सम्पूर्ण व्यवस्थापन पक्षलाई होसियारी पूर्वक वालवालिकाको आवश्यकता र हितलाई सर्वोपरि बनाई उच्चतम उपलब्धि हासिल गर्ने तर्फ उन्मुख गराउनु जरुरी छ (नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग २०५७) ।

विद्यालय अनुदान कार्यन्वयन निर्देशिका एवं विद्यालय स्तरीकरण फारम (२०६३) अनुसार विद्यालयको विभिन्न स्रोतबाट प्राप्त रकम र भएका खर्चहरुको प्रधानाध्यापक अनिवार्य लेखा परीक्षण गर्नु पर्दछ । यस्तो लेखापरीक्षण गर्दा वित्तीय लेखापरीक्षण र सामाजिक परीक्षण गरी दुई किसिमको परीक्षण गर्नुपर्छ । लेखापरीक्षण गर्दा आर्थिक प्रशासन नियमावलीको आधारमा रकम खर्च भई निर्माण गरिएका सूचकहरुमा उपलब्धि भए नभएको स्पष्ट गरी सो को प्रतिवेदन अभिभावकहरुको भेलामा सार्वजनिक गर्नुपर्छ । वित्तीय लेखापरीक्षण गर्दा आर्थिक प्रशासन ऐन र नियमावलीले तोके बमोजिम आम्दानी खर्च पारदर्शि रुपमा राखे नराखेको, जिन्सी अभिलेख अध्यावधिक भए नभएको, पूँजीगत सम्पत्तिको अभिलेख अध्यावधिक भए नभएको आदि पक्षलाई हेरिन्छ । क्षे.शि.नि. बाट सूचिकृत भई जिल्ला शिक्षा समितिको निर्णय अनुसार नियुक्ति भएका लेखापरिक्षकबाट भौतिक, आर्थिक र शैक्षिक अवस्थाको विश्लेषण गर्दछ । विद्यालयका सरोकारवालाहरु र अभिभावकहरुको संलग्नतामा विद्यालयका कार्यप्रगति सम्बन्धमा सार्वजनिक विद्यालयहरुमा सामाजिक परीक्षण गराउने जिम्मेवारी शिक्षक अभिभावक संघको हुने व्यवस्था मिलाइएको छ । सामाजिक परीक्षणका प्रतिवेदनहरु विद्यालयको अनुदान दिने

निकायसँग सम्बन्ध गरिएकाले यी प्रतिवेदनहरु अनिवार्य ठानिएका छन् (शिक्षा विभाग २०६३, तामाङ २०६६ बाट उदृत) ।

तामाङ (२०६६) अनुसार सामाजिक परीक्षणले विद्यालयको शैक्षिक विकासमा खेलेको भूमिका पहिचान गर्नका निम्ति महत्पूर्ण देन दिन सक्छ। भन्ने कुरा उल्लेख छ। यो शोधपत्रमा सामाजिक परीक्षण्को विद्यालयमा अति आवश्यकता भएको तर राज्य स्तरबाट त्यसको कार्यान्वयन गर्न ऐन कानुन निर्माण गरी निर्देशिका स्रोत जारी गरिसकेको अवस्थामा विद्यालयहरुले यसको कार्यान्वयन औपचारिक रुपमा मात्र गरेको देखिन्छ। विद्यालयले सामाजिक परीक्षणलाई झन्झटिलो रुपमा लिने गरेको, सामाजिक परीक्षण समिति प्रति अभिभावक विश्वस्त हुन नसकेको समुदायले त्यसलाई गहन रुपमा स्वीकार गर्न नसकेको देखिन्छ। यो शोधपत्रमा केन्द्रीय तहमा वा नीति तहमा वा नीति निर्माण कार्यान्वयन तहमा काम गर्ने पदाधिकारीहरुलाई समेत सुझाव दिदै राम्रो नीति बनाएर मात्र पुग्दैन त्यसको कार्यान्वयन तहसम्म राम्रो कार्यक्रम बनाएर पुऱ्याउनु पर्दछ। सम्बन्धित सरोकारवालाहरुलाई तालिम, प्रशिक्षण, सुपरीवेक्षण अनुगमन समेत गर्नु पर्दछ भन्ने सुझाव दिएको पाइन्छ (तामाङ,२०६६) ।

पोखरेल, २०६२) ले विद्यालय स्रेस्ता प्रणालीमा विद्यालयलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न विद्यालयका स्रेस्ताले आर्थिक प्रशासनको महत्वपूर्ण औजारको रुपमा कार्य गर्दछ। यही स्रेस्ताको माध्यमबाट नै चाहेको समयमा आय व्यय तथा सम्पत्ति अनि दायित्वको यथार्थ चित्र उपलब्ध हुन्छ। विद्यालयको आर्थिक प्रशासन कसरी चलिरहेको छ। तथा प्रगति विवरण के कस्तो छ भन्ने तथ्य पनि विद्यालय स्रेस्ताबाट अवगत हुन्छ। सुव्यवस्थित विद्यालय स्रेस्ताबाट विद्यालयमा राखिएका सम्पूर्ण कोषहरुको जानकारी पाउन सकिन्छ। विद्यालयलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने शिक्षकहरु जस्तै : जि.वि.स. गा.वि.स., जि.शि.का, अभिभावक आदिलाई विद्यालयको आर्थिक साथै अन्य गतिविधि सम्बन्धी जानकारी दिन विभिन्न प्रतिवेदन आदि जस्ताले विद्यालयको व्यवस्थापकीय पारदर्शिताको लागि सामाजिक परिक्षणले महत्व राख्दछ।

काफ्ले र साथीहरु आफ्नो शिक्षाको वित्तशास्त्र २०६४ मा भनेका छन् नेपाल जस्तो विकासशील राष्ट्रहरुमा विकेन्द्रीकरणको अवधारणा कम भएको पाइन्छ। वास्तवमा नागरिक समाजले सहमति र सहयोगितामा कार्य सम्पन्न गर्ने गराउने व्यवस्थालाई विकेन्द्रीकरण भन्न

सकिन्छ । अर्को अर्थमा विकेन्द्रीकरण भनेको केन्द्रीय सरकारबाट जिम्मेवारी, अधिकार र निर्णय लिन सक्ने प्रावधान स्थानीय निकायमा रुपान्तरण गर्ने प्रक्रिया भन्ने बुझिन्छ ।

शैक्षिक योजनालाई प्रमाणित गर्ने विकेन्द्रीकरण निम्ति उपयोगीसिद्ध हुन्छन् । सबै सामुदायिक तथा निजी संस्थाहरुले आफ्नो उद्देश्य अनुसारको संरचना, कर्मचारी, लक्षित समूह तथा स्रोतका बारेमा निर्णयको सुनिश्चितता चाहन्छन् (काफ्ले र साथीहरु २०६४) ।

कटुवाल र थापा (२०६६) का अनुसार सामाजिक परिक्षण कुनै संगठनले समाजप्रतिको योगदान वा कार्य सम्पादनको विस्तृत व्यवस्थित एवम् आवधिक परीक्षण हो । जसबाट सामाजिक प्रभावको मूल्याङकन तथा प्रतिवेदन गर्ने गरिन्छ । यसले आर्थिक तथा सामाजिक विकासमा कार्यरत संघ संस्थाले गरेका कार्यक्रमको सार्वजनिकीकरण, सार्वजनिक लेखा परिक्षण हो । यसमा सम्बन्धित पक्षका सबै तह सरोकारवालाको प्रत्यक्ष संलग्नतामा कार्यक्रम प्रक्रिया, पद्धति प्रगति र सीमाबारेमा लक्षित वर्ग र सर्वसाधारणमा पारदर्शी गराई अधिकारवालाहरुमा अपनत्वको भावना जगाउने कार्य गरिन्छ । (कटुवाल र थापा २०६६)

विद्यालयका सम्पूर्ण गतिविधिहरु सरोकारवालाहरुको प्रत्यक्ष संलग्नता रहनु पर्ने मान्यता अनुरुप सरोकारवालाहरुको संलग्नतामा विद्यालयका आवधिक गतिविधिको समुचित परीक्षण गरी त्यसको रिपोर्टिङ गर्ने कार्य सामाजिक परीक्षण हो । सामाजिक परिक्षण विद्यालयको गतिविधि प्रति सरोकारवालाहरुको अपनत्वको भावना विकास गरी विद्यालयमा उलब्ध स्रोतसाधनको अधिकतम उपयोगमा सहयोग, विद्यालय प्रशासनमा सुशासनलाई अभिबृद्धि गरी विद्यालयको गतिविधिमा पारदर्शिता, विद्यालय गतिविधि प्रति प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिको उत्तरदायित्व जागृत गरी भावी कार्यदिशा र योजना निर्माण, कार्यान्वयन र अनुगमनमा सामुदायिक संलग्नता बढाउनका लागि सामाजिक परीक्षण गर्ने गरिन्छ ।

विद्यालयको सामाजिक परीक्षण विद्यालयका शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभवक मध्ये १ जना महिला सदस्य समेत पर्ने गरी २ जना सदस्य रहने व्यवस्था रहेको छ भने सम्बन्धित वडाको अध्यक्ष सदस्य र अभिभावकले तोकेको बुद्धिजिवी र प्र.अ.ले तोकेको सम्बन्धित विद्यालयको शिक्षक पर्ने गरी ६ जना सदस्य सामाजिक परीक्षण समिति रहेने छ । उक्त समितिको निर्देशन बमोजिम

विषयवस्तुको स्थिति विश्लेषण गरी प्रारम्भिक प्रतिवेदन प्रस्तुति, छलफल र पृष्ठपोषण प्राप्ती सरोकारावालाहरुबाट प्राप्त पृष्ठपोषणको समायोजन अन्तिम प्रतिवेदनको संप्रेक्षण समेत गर्ने गर्दछ । यो सामाजिक परीक्षण अनिवार्य रुपमा भाद्र मसान्त भित्रमा गत आर्थिक वर्षको सामाजिक परीक्षण कार्य सम्पन्न गरी तयार पारिएको प्रतिवेदन सरोकारवालाहरुको भेला गराई छलफलका लागि प्रस्तुत गर्नु पर्ने छ । समितिले विद्यालयको सामाजिक परीक्षण गर्दा सकारात्मक र सुधार गरिनु पर्ने विषय स्पष्ट खुलाइ सो को प्रतिवेदन तयार गरिनुपर्ने छ। सामाजिक परीक्षण गरे पश्चात सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा १ प्रति पेश गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ (जिल्ला शिक्षा कार्यालय, धनकुटा, २०५९) ।

तिमिल्सिना २०६५ ले तयार गर्नु भएको विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता, आवश्यकता र चुनौतिहरुका अनुसार विद्यालय सामाजिक अस्तित्व भएको संस्था हो, जसले समुदायको आवश्यकता पूरा गर्दछ । समुदायका अभिभावकहरु विद्यालयका सरोकारवालाहरु हुन । विद्यालयमा योजना निर्माण, व्यवस्थापन र अनुगमन सुपरीवेक्षणका लागि समुदायको सहभागिता आवश्यक छ । सामुदायिक सहभागिताबाट मात्र विद्यालयले निर्धारित उपलब्धि हासिल गर्न सक्छ । राजनैतिक हस्तक्षेप नहुने हो भने निर्वाचन प्रणालीबाट बन्ने विद्यलाय व्यवस्थापन समितिमा समुदायमा ख्यातिप्राप्त, अनुभवी, दक्ष र क्षमतावान व्यक्तिहरु निर्वाचित भई विद्यालयलाई समुदायको चाहना अनुसार क्रियाशील बनाउन सकिन्छ । अहिले विश्वका धेरै मुलुकहरुमा विभिन्न खाले समस्या र चुनौतीको वावजुद विद्यालयमा स्थानीय समुदायको संलग्नता बढाउन खोजेको पाइन्छ । विद्यालयमा योजना निर्माण व्यवस्थापकीय निर्णय, नियन्त्रण प्रणालीमा चासो बृद्धि हुन्छ जसले गर्दा शैक्षिक प्रणाली र शैक्षिक गुणस्तरमा सुधार आँउछ । निर्माणमा सामुदायिक स्वायत्तता, प्र.अ. लाई अधिकार सम्पन्न बनाउने हो भने विद्यालय शिक्षा प्रणालीमा केही न केही परिवर्तन आउन सक्छ । विद्यालय प्रति सामुहिक उत्तरदायित्व वहन गर्न, सामुहिक निर्णय गर्न, विद्यालय अभिभावक सम्बन्ध विस्तार गर्न, स्थानीय अभिभावकहरुको विद्यालय व्यवस्थापनमा पहुँच बृद्धि गर्न अभिभावकहरुलाई सशक्तिकृत गर्न, शिक्षण संस्थाहरुलाई प्रतिष्पर्धी बनाउन, स्वामित्वभावको विकास गर्न, शिक्षाको गुणस्तर अभिबृद्धि गर्न, विद्यार्थी उपलब्धि सुधार गर्न अभिभावक संलग्नता अति आवश्यक पक्ष हो । सामुदायिक सहभागिताका लागि समुदायका सबै वर्ग, जात, जाति, धर्म, संस्कृतिका

व्यक्तिहरुलाई संलग्न गराउन नसक्नु, ऐन नियमहरुको प्रभावकारी कार्यान्वयन नहुनु, अनुगमन र सुपरीवेक्षण प्रभावकारी नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु, व्यवस्थापकीय पारदर्शिता नहुनु नै विद्यमान समस्या र चुनौतिहरु हुन (अधिकारी र साथीहरु, २०६५, तामाङ गोविन्दबाट उदृत)

अन्नपूर्ण पोष्ट (२०६६) का अनुसार विद्यालयको दैनिक गतिविधि सञ्चालन देखि लिएर विद्यालयमा हुने भौतिक निर्माण तथा मर्मत, आर्थिक कारोबार चन्दा, शुल्क चलअचल सम्पत्ति लगाएत अन्य थुप्रै पक्षको विवरण चुस्तदुरुस्त राख्ने र राख्न लगाउने प्रमुख जिम्वेवारी प्रधानाध्यापकको हो । यसलाई समय सापेक्ष जनभावना अनुरुप ऐन नियममा भएको परिवर्तन र सामाजिक माग अनुसार हरेक शैक्षिक सत्रको समाप्ती सँगसँगै आन्तरिक परीक्षण गराई प्रतिवेदन सार्वजनिक गराउनु प्रधानाध्यापकको कर्तव्य हो । विद्यालयको विकास, समुदायको विद्यालयप्रतिको चाहना, त्यस प्रतिको रुची बढाउन सामाजिक परीक्षण एक साधन वा माध्यम बन्न सक्ने तर्कपूर्ण समाचार प्रकाशन भएको छ (अन्नपूर्ण पोष्ट (२०६६) झा नन्दकिशोरबाट उदृत) ।

वर्तमान अवस्था भनेको हरेक कुरा पारदर्शिताको समय हो । त्यसमा पनि व्यवस्थापकीय पारदर्शिता त झन महत्वपूर्ण पक्ष रहेको छ । सम्बन्धित क्षेत्र संघ संस्था सरोकारवाला नीति निकायहरुलाई हरेक कुराको जानकारीहुनु नितान्त आवश्यक छ । यसरी व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण हुनु भनेको आजको समयको माग हो जसले सम्पूर्ण पक्ष सजग रहन सचेत गर्दछ ।

## २.२ सैद्धान्तिक खाका

सामुदायिक विद्यालयको व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षणको प्रभाव हेर्न वैज्ञानिक व्यवस्थापनको सिद्धान्त मानव सम्बन्ध सिद्धान्त र विकेन्द्रीकरणको सिद्धान्त उपयुक्त देखिन्छ । शोधकार्यलाई तथ्यपूर्ण निचोडमा पुऱ्याउन सर्वमान्य सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । सिद्धान्तलाई स्वीकृत गर्ने सिद्धान्तमा आधारित कुनै पनि नयाँ तत्थहरु विश्वासनीय र वास्तविक हुन्छन् । प्रस्तुत शोधकार्यमा निम्न लिखित सिद्धान्तहरुलाई आधार मानि अध्यपन गरिएको छ ।

टेलर एफ डब्लु (१८५६-१९१७) का अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैली परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्छ । वैज्ञानिक ढङ्गले कामदारको छनौट गरी छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्छ । वैज्ञानिक ढङ्गबाट काम हुने गरी व्यवस्थापक र कामदारबिच आत्मीय सहयोग सम्बन्ध र सामञ्जस्यता कायम गर्नु पर्छ । कामदार र व्यवस्थापकबिच स्पष्ट कार्य विभाजन गर्नु पर्छ । कामदारलाई कार्यप्रति अधिक्तम उपलब्धी हासिल गर्ने ढङ्गले परिचालन गर्नु पर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नु पर्छ (कोइराला र श्रेष्ठ, २०६४ बाट उदृत) ।

विकेन्द्रीकरणको सिद्धान्त पर डालिनका अनुसार विकेन्द्रीकरण भन्नाले केन्द्रमा एकीकृत भएर रहेको अधिकारलाई तल्लो तहसम्म अधिकारको निरुपण गर्नु हो । यसरी नीति निर्माण गर्ने अधिकार समेत उनीहरुलाई हस्तान्तरण गर्नाले विद्यालयमा स्रोत र साधनको स्रोत समुचित व्यवस्था हुन गई विद्यालयमा शैक्षिक गुणत्वकता आउन सक्छ । विकेन्द्रीकरण निरुपण एउटा कानुनी प्रावधान हो जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुदैन । यसमा तल्लो निकाय वा अधिकारीले स्वतन्त्र रुपमा कानुनी दायराभित्र रही योजना बनाउने निर्णय गर्ने, कार्यान्वयन गर्ने, नीति निर्माण गर्ने र अनुगमन तथा मूल्याङ्कन समेत गर्न पाउँछ (के.स. २०६५ बाट उदृत) ।

त्यसैले व्यवस्थापकीय पारदर्शितामा सामाजिक परीक्षणले प्रभावकारी बनाउनको लागि विद्यालय सँग सरोकार राख्ने सरोकारावाला, प्र.अ. वि.व्य.स., शि.अ.संघ, विद्यार्थी, शिक्षक, विद्यार्थी समुदायका अभिभावकहरु बीचमा एक आपसमा स्पष्ट रुपमा कार्यविभाजन, आपसी सहयोग, मानवीय सम्बन्ध, सन्चार, समन्वय, उत्प्रेरणा सहभागिता हुनु जरुरी छ । व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षणसँग सम्बन्धित माथिका सिद्धान्तहरु उपयोग गरिने छ । यी सिद्धान्तहरु व्यवस्थापकीय पक्षलाई कसरी सुधारगर्न सकिन्छ वा सामाजिक परीक्षणलाई लेखा परीक्षण मार्फत आगाडी बढाउन सकिन्छ भन्ने मान्यताका आधारमा यी सिद्धान्तहरु प्रयोग गर्न सकिन्छ । शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्राविधिक पक्षलाई मात्र ध्यान नदिई सामाजिक पक्षलाई पनि ध्यान दिनुपर्छ । जव सम्म केन्द्रका अधिकारहरुलाई तल्लो हतमा निरुपण गरिदैन र तल्लो तहलाई आर्थिक पारदर्शिताका लागि सक्षम बनाइदैन, तवसम्म विद्यालयको आर्थिक अवस्था कमजोर हुन्छ । कामदारलाई मात्र दोष

दिने र आफू उम्कने परीपाटी नत्यागेसम्म विद्यालयको आर्थिक व्यवस्थापन राम्रो र गुणस्तरीय हुदैन उल्लेखीत पक्षहरुलाई ध्यान दिन सकेमात्र व्यवस्थाकीय पारदर्शिता सम्भव छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत साहित्यहरूको पुनरावलोकनले सामुदायिक विद्यालयहरुमा व्यवस्थापकीय पारदर्शितालाई सामाजिक परीक्षणले के कस्तो प्रभाव पारेको छ सो को पहिचान गर्न व्यवस्थापकीय पारदर्शिताको प्राभाबकारिता हेर्न, विद्यालयको आर्थिक कारोबारहरुको पारदर्शितामा देखिएका समस्याहरु केलाउन र समस्याका समाधानका उपायहरु खोजी गर्न सहयोग पु¥याएको छ । सामाजिक परीक्षणले विद्यालयका सम्बन्धित पक्षहरू बीच कार्यविभाजन गरी विशेष जिम्मवारी लिएकाहरुलाई लेखा तालिमको व्यवस्था, व्यवस्थापक र सरोकारवालाहरु बीच आत्मीय सम्बन्ध, सहयोग, संचार हुनुपर्ने कुरामा जोड दिएको छ । सामाजिक परीक्षण सम्बन्ध स्थापित सिद्धान्त र ती सिद्धान्त अनुसार भए गरेका खोज तथा अन्य सम्बन्धित साहित्यले यस अनुसन्धानलाई स्पष्ट रूपमा सहयोग पु¥याएको छ । अहिले सम्म भए गरेका यस विषयसँग सम्बन्धित खोज र त्यसको यस अध्ययनसँग सम्बन्धित भई सामुदायिक विद्यालयमा सामाजिक परीक्षणले व्यवस्थापकीय पारदर्शितामा जोड दिएको छ । कुनै पनि कार्यको प्रभावकारीता र कार्यान्वयनका लागि योजना तयार गर्ने, व्यवस्थापन गर्न र कार्यान्वयनका विविध पक्षलाई दिशानिर्देश गर्ने कार्यहरु स्पष्टरुपमा मार्ग प्रदान गर्न खोजी कार्यलाई अगाडी बढाउन यस साहित्य र सिद्धान्तले मार्ग प्रसस्त गरेको छ । प्रस्तुत साहित्य र सिद्धान्तले सामाजिक परीक्षण कार्यान्वयन गर्ने निकाय व्यक्ति र संघ संस्था आदिलाई प्रभावकारी कार्यान्वयनका लागि घच्घच्याउन समेत टेवा पु¥याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अध्ययन विधिको बारेमा वर्णन गरिएको छ। धनकुटा जिल्लाको मार्गा स्रोतकेन्द्रको ४ वटा विद्यालयहरुलाई आधारबनाई सामुदायिक विद्यालयहरुमा व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परिक्षणको प्रभाव हेर्न परिमाणात्मक ढाँचालाई अवलम्बन गरिने छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा प्रस्तुत उद्देश्यहरु परिपूर्ति गर्नको लागि व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षणको परीमाणात्मक र गुणात्मक ढाँचालाई अवलम्बन गरिएको छ ।

## ३.२ जनसङ्ख्या

यस अनुसन्धानको लागि धनकुटा जिल्ला आँखिसल्ला, चुङमाङ, वेलहारा ३ का गा.वि.स.को मार्गा स्रोतकेन्द्र अन्तर्गतको ३१ वटा सामुदायिक विद्यालय प्रा.वि., नि.मा.वि., मा.वि.र उ.मा.वि., उक्त विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, विद्यार्थीहरु, शि.अ.संघका अध्यक्षहरु वि.व्य.स. का अध्यक्षहरु लाई यस अध्ययनको जनसङ्ख्य मानिएको छ ।

## ३.३ नमुना छनौट

यस अध्ययनका लागि मार्गा स्रोतकेन्द्र अन्तर्गतको ४ वटा सामुदायिक विद्यालयमा आधारित सम्भाव्यता नमुना छनौट विधिबाट १,१ जना प्र.अ., १,१ जना शिक्षक, १,१ जना शि.अ.संघ अध्यक्ष, १,१ जना विद्यार्थीका दरले र १ जना स्रोतव्यक्ति नमुना जनसङ्ख्याको छनौट गरिएको छ ।

### ३.३.१ नमुना छनौट विधि

यस अध्ययनका लागि शि.अ.संघ अध्यक्ष, प्र.अ., शिक्षक र विद्यार्थीका लागि उद्देश्यपूर्ण नमुना र अनुपातिक प्रतिनिधित्व हुने गरी समूह विभाजन विधिद्वारा नमुना छनौट गरिएको छ ।

### ३.३.२ जनसङ्ख्या छनौटको आधार

अध्ययनलाई तथ्यपरक, वस्तुनिष्ठ र विश्वसनीय बनाउन भौगोलिक दुरी, समावेशित, जनसाङ्ख्यिकीय बनोट आदिलाई आधार मानिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन साधन

अनुसन्धान कार्यको क्रममा निश्चित साधानहरुको आवश्यकता पर्ने गर्दछ । त्यसका लागि अन्तरवार्ता, प्रश्नावली, समूहगत छलफल, सर्वेक्षण फारम र निर्देशिका फारमको प्रयोग गरिएको छ । यसका लागि प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. र शि.अ. संघलाई सोधिएका प्रश्नहरू र साधानलाई अनुसूची १, २, ३, ४, ५, ६ मा राखिएको छ ।

## ३.५ तथ्याङकका स्रोत

यस अध्ययनलाई उद्देश्यमूलक  तवरबाट अगाडी बढाउन प्राथमिक र द्वितीयस्रोतको प्रयोग गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत :

अध्ययनकर्ता स्वयम् स्रोतकेन्द्र तथा विद्यालयहरुमा गई स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, प्र.अ., शि.अ. संघ तथा शिक्षकहरुसँग सामुहिक प्रश्नावली, व्यक्तिगत प्रश्नावली र अवलोकन फारम मार्फत प्राप्त जानकारी प्रत्यक्ष स्रोत अन्तर्गत लिईएको छ ।

### ३.५.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत शोधपत्र, पुस्तक, पत्रपत्रिका, अनुसन्धानात्मक लेख, रचना, आदिलाई आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन विधि

अनुसन्धानको क्रममा नमुनाको छनौट गरीसकेपछि ती विद्यालयहरुमा उपस्थित भई प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र शि.अ.संघका अध्यक्षहरुसँग सम्पर्क गरी विषयवस्तुसँग सम्बन्धित प्रश्नावलीको माध्यमबाट तथ्य तथ्याङ्क संकलन गरिएको छ । ४ वटा विद्यालयहरुबाट ४ जनाको दरले जम्मा १६ जनासँग तथ्याङ्क संकलनका लागि संरचित प्रश्नावली निर्माण गरी प्रत्येक विद्यालयमा रहने शिक्षक, विद्यार्थी, प्र.अ. र शि.अ.संघ

उपाध्यक्षहरुलाई सम्मान प्रकारको तर अलग अलग प्रश्नावली निर्माण गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्को व्याख्या तथा विश्लेषण विधि

संलकन गरिएका तथ्याङ्कलाई विभिन्न तालिका वा वृत्तचित्र मार्फत वर्गीकरण गरिएको छ । प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुरुप तालिका निर्माण गरी त्यसलाई उद्देश्य अनुरुप व्याख्या तथा विश्लेषण गरिएको छ । प्राप्त सूचना तथा तथ्याङ्कलाई परिमाणात्मक तथा गुणात्मक दुवै ढंगबाट विश्लेषण गर्नुको साथै तालिका, चित्र, प्रतिशत अनुपात आदिका आधारमा प्राप्त तथ्याङ्कहरुको प्रस्तुत व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अनुसन्धानमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण सामुदायिक विद्यालयहरुमा के-कस्तो प्रभाव रहेको छ भनि खोजि गर्ने कार्य भएको छ। यस अनुसन्धानलाई पुरा गर्नको लागि प्रत्यक्ष सम्पर्क, छलफल र सामुहिक प्रश्नावलीहरुको माध्यमवाट धनकुटा जिल्लाको मार्गा स्रोत केन्द्र अन्तरगतका ४ वटा विद्यालयहरुलाई लिईएको छ जसमा २ वटा उच्च मा.वि.,१ मा.वि.र १ नि.मा.वि. रहेका छन्।

यस अनुसन्धानमा सामुदायिक विद्यालयका सरोकारवालाहरु बीच सामाजिक परीक्षण कार्यान्वयनको वर्तमान अवस्था, सामाजिक परीक्षणको जानकारी, विद्यालयको आर्थिक अभिलेख, प्र.अ. को लेखा राख्ने शैली, सामाजिक परीक्षणको प्रतिवेदन कार्यान्वयनको अवस्था, सामाजिक परीक्षणको सार्वजानिकीकरण, आम्दानी खर्चको विवरण, सुझाव र कार्यान्वयनको अवस्था, सामाजिक परीक्षणले व्यावस्थापकीय पारदर्शितामा पारेको प्रभाव आदि जस्ता कुराहरुलाई प्रश्नावलीको निर्माण गरी आएका जवाफहरुलाई तथ्याङ्कको रुपमा संकलन गरी प्रस्तुत गर्नु पर्ने महत्वपुर्ण कार्य यस परिच्छेदमा सम्पन्न गरिएको छ। यहाँ विभिन्न विद्यालयमा गई त्यहाँवाट लिईएको तथ्याङ्कलाई शव्दमा मात्र सिमित नगरी त्यसलाई तालिकीकरण गरी उद्देश्यपुर्ण अध्ययन गर्न सजिलो हुने भएकोले यस परिच्छेदमा संकलित तथ्याङ्कहरुलाई निम्न वुँदाका आधारमा विश्लेषण गरी व्याख्याद्धारा निष्कर्ष निकालिएको छ।

## ४.१ सामाजिक परीक्षण कार्यान्वयनको वर्तमान अवस्था

विद्यालय समुदायमा रहेको हुन्छ त्यसैले गर्दा विद्यालयको हरेक कुरा समुदायका अभिभावकहरुलाई थाहा हुन जरुरी छ। विद्यालयको आर्थिक, व्यावस्थापकीय, भौतिक र शैक्षिक गतिविधिको बारेमा समुदायको प्रत्यक्ष सरोकार रहनुपर्छ। अभिभावकहरुले विद्यालयमा के भईरहेको छ, सो को जानकारी पाउनु पर्छ जसको लागि अभिभावकहरुको विद्यालयको हरेक पक्षमा सहकार्य रहेमा विद्यालयलाई विकासको लक्ष्यमा र उद्देश्यमा पुग्नको निम्ति थप टेवा मिल्छ। विद्यालयको योजना तर्जुमा, कार्यान्वयन, र त्यस कार्यको प्रतिफलको मुल्याङ्कन चरणमा सरोकारवालाहरुलाई संलग्न गराई छलफल गराउनु, मुल्याङ्कन गर्नु, लेखाजोखा गर्नु, सुझावहरु प्राप्त गरी प्रभावकारी कार्यान्वयन गर्नु प्र.अ. ले समय सापेक्ष ढंगवाट आफ्नो कार्य

शैलीलाई परिवर्तन गर्दै जानु, सूचना र सञ्चारलाई प्रभावकारी बनाउदै विद्यालयलाई पारदर्शि ढंगवाट अगाडी बढाई सरोकारवालाहरुलाई हरेक कार्यको जानकारी गर्नु आवश्यक छ । जसले गर्दा विद्यालय सु-सञ्चालनमा समुदायले अग्रणी भूमिका खेल्न सक्ने क्षमताको विकाश गर्नु, विद्यालय संचालन सम्बन्धी योजना निर्माण र नीति निर्माण जस्ता पक्षमा स्थानीय समुदायलाई सशक्तिकृत गर्नु र शैक्षिक उत्पादनलाई गुणात्मक बनाउन मद्दत पुऱ्याउनु सामाजिक परीक्षणको मुलभूत आशय हो ।

विद्यालयमा सामाजिक परीक्षण भन्नाले प्रचलित कानून वमोजिम विद्यालय सुधार योजनासँग सम्बन्धीत भएर अभिलेख, अन्य दस्तावेजहका आधारमा गरिने विद्यालयका सम्पूर्ण गतिविधिको गुणात्मक र परिणात्मक परीक्षण सम्झनु पर्दछ । विद्यालय स्तरमा वि.व्य.स. र शि.अ.संघको संयुक्त वैठक राखी कार्यक्रम तथा बजेटको सम्वन्धमा शिक्षा नियमावलीले तोके वमोजिम आय र व्ययको लेखा राख्नु पर्छ । सामाजिक परीक्षणको वर्तमान अवस्था कस्तो छ भनि सरोकारवालाहरुसँग गरिएको शोधप्रश्नका आधारमा प्राप्त प्रतिक्रियालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ सामाजिक परीक्षणको जानकारी

सामूदायिक विद्यालयहरुमा सामाजिक परीक्षण २०६३ साल देखि मात्र विधिवत रुपमा शुरु भएको मानिन्छ । सामाजिक परीक्षणको जानकारी सरोकारवालाहरुलाई जवसम्म हुदैन तवसम्म सामाजिक परीक्षण प्रभावकारी हुन सक्दैन । सामाजिक परीक्षणले आर्थिक पक्षको विस्तृत रुपमा लेखाजोखा र विश्लेषण गर्ने गर्दछ । यस अध्यन क्षेत्रका विद्यालयहरुका सरोकारवालाहरुलाई सम्बन्धीत क्षेत्रमा स्थलगत सर्वेक्षण गरी अनुसन्धानत्मक प्रश्नावली निर्माण गरी अनुसुची १,२,३,४,५ र ६ मा संलग्न प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियाहरुलाई तालिकामा निम्नानुसार प्रस्तुत गरी विश्लेशण गरिएको छ ।

तालिका १ सामाजिक परीक्षणको जानकारी

| क्र. सं. | सरोकारवालाहरु | जम्मा संख्या | पुरै जानकारी नभको | | अलिअलि जानकारी भएको | | पुरै जानकारी भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतित | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | वि. व्य.स. | ४ | - | - | १ | २५% | ३ | ७५% |
| २ | शि.अ.संघ | ४ | - | - | १ | २५% | ३ | ७५% |
| ३ | शिक्षक | ४ | - | - | १ | २५% | ३ | ७५% |
| ४ | प्र.अ. | ४ | - | - | - | - | ४ | १००% |
| ५ | विद्यार्थी | ४ | १ | २५% | २ | ५०% | १ | २५% |
| ६ | स्रोत व्यक्ति | १ | - | - | - | - | १ | १००% |
| | जम्मा | २१ | १ | ४.७७% | ५ | २३.८०% | १५ | ७१.४३% |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका विश्लेषण गर्दा हाल सामुदायिक विद्यालयहरुमा कार्यान्वयन भईरहेको सामाजिक परिक्षणको जानकारी विद्यालय व्यवस्थापनका पदाधिकारी मध्ये ३ जना अर्थात ७५% उत्तरदातालाई सामाजिक परीक्षणको पुरै जानकारी भएको, शिक्षक अभिभावक संघका अध्यक्षहरु मध्ये ३ जना अर्थात ७५% लाई पुरै जानकारी भएको, शिक्षकहरु मध्येवाट पनि ३ जना अर्थात ७५% लाई थाहा भएको, प्र.अ. हरु मध्येहरुवाट ४ जना अर्थात १००% लाई सामाजिक परीक्षण पुरै जानकारी रहेको पाइएको छ। यसै गरी सामाजिक परीक्षणको जानकारी अलिअलि मात्र थाहापाउने वि.व्य.स. १ जना अर्थात २५%, शि.अ.संघका अध्यक्षहरु मध्येवाट १ जना अर्थात २५% शिक्षकहरु मध्येवाट १ जना अर्थात २५%, विद्यार्थीहरु मध्येवाट २ जना अर्थात ५०% लाई मात्र थाहा भएको पाइयो भने पुरा थाहा नहुने विद्यार्थीमा १ जना अर्थात २५% मात्र रहेको छ भने स्रोतव्यक्तिलाई १००% सामाजिक परीक्षणको बारेमा थाहा भएको कुरा माथिको तालिकाबाट प्रष्ट्याएको छ।

यस तालिकामा २१ जना उत्तरदाताहरु मध्ये १ जना विद्यार्थी अर्थात ४.७७% लाई सामाजिक परीक्षणको बारेमा जानकारी नभएको, ५ जना उत्तरदाता अर्थात २३.८०% लाई सामाजिक परीक्षणको बारेमा केही थाहा भएको पाइयो भने १५ जना अर्थात ७१.४२%

सरोकारवालाहरुलाई सामाजिक परीक्षणको बारेमा प्रष्ट जानकारी भएको पाइयो व्यावस्थापन सम्बन्धी मानव सम्वन्ध सिद्धान्तले संगठनमा काम गर्नेहरुका बीच प्रभावकारी संचार र समन्वय हुनु पर्नेमा जोड दिए तापनि सरोकारवालाहरु अझै सामाजिक परीक्षण सम्बन्धीत सुशुचित नभएको देखिन्छ ।

### ४.१.२ विद्यालयको आर्थिक अभिलेखमा संलग्न व्यक्तिहरु

यस अध्ययन तथा अनुसन्धान क्षेत्रका विद्यालयहरुमा आर्थिक अभिलेख राख्ने कार्य क-कसले गर्छन भनि खोजी गर्न छनौटमा परेका विद्यालयहरुमा गई अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा उत्तरदाताहरुले दिएको प्राप्त प्रतिक्रियालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

विद्यालयको आर्थिक अभिलेखमा सम्लग्न जम्मा २१ जना उत्तरदाताहरू मध्ये ९०.४७% अर्थात १९ जना उत्तरदाताहरुले विद्यालयहरुमा प्र.अ.द्धारा आर्थिक कारोवारको अभिलेख राखिन्छ र ९.५३% अर्थात २ जना उत्तरदाताहरुले मात्र विद्यालयको आर्थिक कारोवार लेखापालद्वारा राख्ने गरेको पाइन्छ । विद्यालयमा विभिन्न स्रोतहरुवाट आम्दानी हुन्छ भने थुप्रै शीर्षकमा खर्च पनि हुने गर्दछ । त्यस्ता आम्दानी र खर्चको सुव्यस्थित, वैज्ञानिक र पारदर्शि अभिलेख राख्ने काम प्र.अ. को हुने व्यवस्था शिक्षक नियमावली २०५९ (संशोधन सहित) ले गरेको छ । विद्यालयमा भएको आम्दानी र खर्चको पारदर्शिता समयमा नै गर्नु पर्ने जिम्मेवारी पनि प्र.अ. ले नै लेखा राख्ने गरेको छ । विशेष गरी उ.मा.वि. र मा.वि.हरुमा मात्र लेखापाल राख्ने गरेको पाइन्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विद्यालय संञ्चालनका लागि स्थानीय समुदायलाई नै वित्तीय अधिकार, अनुगमन र सुपरिवेक्षणको अधिकार प्रदान गर्ने भनी व्याख्या गरिएको भएता पनि व्यावहारमा त्यस्तो पाइएन ।

### ४.१.३ प्रधानाध्यापकले लेखा राख्ने शैली

सामुदायिक विद्यालयमा निकासा भएको रकम र त्यस रकमलाई के-कसरी खर्च भएको छ सो को अभिलेख राख्ने काम प्र.अ. वा लेखापाल क-कसवाट हुने गरेको छ लेखा राख्ने कार्य शैली कस्तो खालको छ भनि असूचीमा उल्लेखित प्रश्नावलीको माध्यमबाट अध्ययन गर्दा

सरोकारवालाहरुका अनुसार निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ जसलाइ विश्लेषण गरिएको छ ।

जम्मा २१ जना उत्तरदातहरू मध्ये वैज्ञानिक ढंगबाट लेखा राख्ने शैली २३.८१% अर्थात ५ जनाले, सुधारिएको ६१.९०%अर्थात १३ जना उत्तरदाताले उल्लेख गरेको पाइन्छ भने ३ जना अर्थात १४.२९% ले परम्परागत ढंगवाट लेखाराख्ने गरेको  पष्टहुन आउँछ । जसले गर्दा दोहोरो लेखा राख्ने प्रणलीको सिद्धान्त अनुरुप डेविड क्रेडिट का आधारमा लेखा राख्ने विद्यालयहरु थोरै मात्रमा रहेको प्रष्ट हुन्छ । जसले आम्दानी र खर्चको अभिलेख सुव्यवस्थित, वैज्ञानिक र पारदर्शि तरिकाले राखेको पाइएन । केही विद्यालयहरुले एकोहोरो लेखाप्रणाली भए पनि केही सुधारिएको र थोरै भए पनि वैज्ञानिक एंव पारदर्शि फारामहरुको प्रयोग गरी लेखा राख्ने गरेको पाइएको छ ।

### ४.१.४ व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था

सामुदायिक विद्यालयमा सामाजिक परीक्षण हुनथाले पछि सो को प्रतिवेदन कार्यान्वयनको अवस्था कस्तो छ भनि अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा अनुसन्धान गर्न अनुसुचीमा उल्लेखित पश्नहरु शि.अ. संघका अध्यक्ष र वि.व्य.स.का पदाधिकारीहरुसँग गर्दा निम्नानुसारको प्रतिक्रिया पाइयो ।

तालिका २ व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था ।

| क्र.स. | सामाजिक परीक्षण कार्यान्वयन को अवस्था | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गर्छन | १२ | ७०.५९% |
| २ | आंशिक | ३ | १७.६५% |
| ३ | गरेको थाहा छैन | २ | ११.७६% |
| ४ | गर्देनन् | - | - |
| | जम्मा | १७ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथि तालिका अनुसार जम्मा १७ जना उत्तरदाताहरू मध्ये १२ जना उत्तरदाता अर्थात ७०.५९% वि.व्य.स. शि.अ.संघ,विद्यार्थी, शिक्षक र स्रोतव्यक्तिहरुले विद्यालयमा सामाजिक परीक्षणको प्रतिवेदन कार्यान्वयन हुने गरेको वताएका छन् भने १७.६५% अर्थात ३ जना उत्तरदाताले आंशिक रुपमा सामाजिक परीक्षण हुने गरेको पदाधिकारीहरुले वताएका छन् । त्यसै गरी ११.७६% अर्थात २ जना पदाधिकारीहरुले सामाजिक परीक्षण गरेको थाहा छैन भन्ने पनि रहेका छन् । शै.स.२०६३ साल देखि सामाजिक परीक्षणलाई अनिवार्य गरेको र सामाजिक परीक्षण नगर्ने विद्यालयहरुलाई त.म. लगायत अनुदान रकम निकासा नहुने भएकोले प्रायःऔपचारिकताको लागि मात्र भए पनि सामाजिक परिक्षण गर्ने गरेको पाइएको छ । हरेक आ.व. शुरु भएपछि भाद्र महिनामा प्र.अ. हरुले सामाजिक परीक्षणको फाराम किनी शिक्षा नियमावली २०५९(संशोधन सहित) को नियम १७१ “क” वमोजिम सामाजिक परीक्षण समिति गठन गरी प्र.अ. आफैले फाराम भर्ने काम गरी समितिका पदाधिकारी एवं सदस्यहरुलाई हस्ताक्षर गराई स्रोत केन्द्रमा वुझाउने गरेको पाइन्छ । केही विद्यालयहरमा विद्यालयको सघन हिसाब किताब हेरी सो को लेखाजोखा गरी मूल्याङ्कन गर्ने, विशेष गरेर आर्थिक रुपमा केन्द्रित भएर सम्पूर्ण पक्षको सझाव पनि दिने गरेका छन् । वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार वैज्ञानिक ढंगले कामदारको छनोट गरी छानिएका कामदारलाई तालिम दिने र दक्षतापूर्वक काम सिकाउनु पर्छ भनिएतापनि त्यस्तो भने पाइएन ।

### ४.१.५ सामाजिक लेखा परीक्षण प्रतिवेदन सार्वजनिकीकरणमा सरोकारवालाहरुको उपस्थिति

सामाजिक परीक्षण पश्चात प्रतिवेदनको सार्वजानिक गर्ने दिन अभिभावकहरुको उपस्थितिको अवस्थाको खोजि गर्न अध्ययन क्षेत्रका विद्यालयहरुको अभिभावकहरुसँग अनुसुचिमा संलग्न प्रश्नावलीका आधारमा निम्नानुसारका प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ३ सामाजिक लेखा परीक्षण प्रतिवेदन सार्वजनिकीकरणमा सरोकारवालाहरुको उपस्थिति

| क्रस | प्रतिक्रिया | वि.व्य.स. | शि.अ.स्ंघ | विद्यार्थी | शिक्षक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | वोलाउदैनन् | १ | १ | १ | - | ३ | १८.७५% |
| २ | भ्याउदिन | १ | १ | १ | १ | ४ | २५% |
| ३ | थोरैमात्र आउछन् | - | १ | १ | - | २ | १२.५०% |
| ४ | आउछन् | २ | १ | १ | ३ | ७ | ४३.७५% |
| | जम्मा | ४ | ४ | ४ | ४ | १६ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिकामा जम्मा १६ जना उत्तरदाताहरू मध्ये सामाजिक परीक्षणको प्रतिवेदनको सार्वजनिकीकरण गर्ने दिन सरोकारवालाहरुले विद्यालयमा वोलाउदैनन् भन्नेमा ३ जना अर्थात १८.७५%, भ्याउदिन भन्नेमा २५% अर्थात ४ जना पाइयो  भने थोरै उपस्थित हुन्छन् भन्नेमा १२.५०% अर्थात २ जना अभिभावकहरुको प्रतिक्रिया रहेको छ र  ४३.७५% अर्थात ७ जना उत्तरदाताहरुको सामाजिक परीक्षण प्रतिवेदन सार्वजानिकरणमा उपस्थित हुने गरेको प्रतिक्रिया पाइयो भने विद्यालयको गतिविधि र क्रियाकलापहरुमा अभिभावकहरु कम नै आउने गर्छन् । विशेष गरेर विद्यालयको विशेष अवसरमा मात्र अभिभावकहरु विद्यालय आउँछन् । विकेन्द्रीकरणको सिद्धान्त अनुसार योजना निर्माण, नीति निर्माण, निर्णय, अनुगमन, सुपरीवेक्षण जस्ता विषयहरुमा कानुनी व्यवस्था गरी स्थानीय निकाय वा अधिकारीलाई स्वतन्त्र रुपवाट काम गर्ने वातावरण सिर्जना गर्न सक्दा विद्यालय गतिविधिमा सरोकारवालाहरुको सघन उपस्थिति रहन्छ भनी उल्लेख गरिएता पनि व्यवहारमा त्यस्तो पाइएन ।

### ४.१.६ आम्दानी खर्चको अभिलेख

विद्यालयका प्रधानाध्यापकहरुको एक आर्थिक बर्ष भरीमा भए गरेका आम्दानी र खर्चको विवरण वनाई राख्छन् वा राख्दैनन् भनी अध्ययन क्षेत्रका विद्यालयहरुमा अनुसुचीमा संलग्न प्रश्नहरुको आधारमा खोजी गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ४ आम्दानी खर्चको अभिलेख

| क्रस | आम्दानी खर्चको अभिलेख | प्र.अ. संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राख्छु | २ | ५०% |
| २ | राख्दिन | १ | २५% |
| ३ | भ्याउँदिन | १ | २५% |
| ४ | थाहा छैन | - | - |
| | जम्मा | ४ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार जम्मा ४ जना प्र.अ.हरू मध्ये ५०% अर्थात २ जना प्र.अ.हरुले आफ्नो कार्यकक्षमा आम्दानी र खर्चको विवरण राखेको ,1 जना अर्थात २५% प्र.अ.हरुले नराखेको र १ जना अर्थात २५% ले नभ्याएको कुरा प्रष्ट हुन आउछ। हरेक प्र.अ. हरुले आफ्नो कार्यकक्षमा आम्दानी र खर्चको विवरण राख्न सक्दा हिसाब किताब आफै पारदर्शी र सार्वजानिक हुन्छ। वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार वैज्ञानिक ढंगले कामदारको छनौट गरी छानिएका कामदारलाई तालिम दिने र दक्षतापूर्वक काम लगाउनु पर्छ भनि उल्लेख भए पनि प्र.अ. छनौट गर्ने, तालिम दिने र दक्षतापूर्वक काम लगाउने कुरा व्यवहारमा पाइएन।

## ४.२ व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षणको प्रभाव

विद्यालय समुदायको मेरुदण्डको रुपमा समुदायमा रहेको हुन्छ। विद्यालयले समुदायका लागि आवश्यक सीप र योग्यता भएको जनशक्ति दिन्छ भने समुदायले विद्यालयलाई आर्थिक , भौतिक र शैक्षिक रुपमा सुदृढ वनाउन विभिन्न प्रकारका सहयोग उपलब्ध गराउँछ। समुदाय र विद्यालयको सम्बन्ध सुदृढ भएको अवस्थामा मात्र विद्यालयको चौतर्फि उन्नति र प्रगति हुन सक्छ। यसर्थ विद्यालयमा के कस्ता गतिविधिहरु सञ्चालन गर्ने भन्ने देखि के के गतिविधि र क्रियाकलापहरु कसरी सम्पादन भएको छ सो को लेखाजोखा गर्ने अवसर समुदायले पाउनु पर्छ। केन्द्रीय स्तरमा एकिकृत भएर रहेको अधिकारलाई स्थानीय तहमा निरुपण गरेमा अवस्य नै विद्यालयमा सुधार आउँछ। स्थानीय निकायलाई योजना निर्माण गर्ने , नीति निर्माण गर्ने,

निर्णय गर्ने , कार्यसम्पादन गर्ने , अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रियामा कानुनी व्यवस्था गरी अधिकार निरुपण गरेमा विद्यालयमा समुदायको लगानी अवस्य बृद्धि भई विद्यालय प्रति अपनत्वको भावना जागृत हुन्छ । त्यसैगरी विद्यालय र सरोकारवालाहरु बीच राम्रो सम्बन्धमा भएको खण्डमा जनसहभागिता जुट्छ । जसले गर्दा विद्यालयको सांगठनिक क्रियाकलापमा सबैलाई सहभागि गराउनु पर्छ । २०६३ साल देखि आएर सवै सामुदायिक विद्यालयहरुले अनिवार्य रुपमा सामाजिक परीक्षण गर्नु पर्छ भनि सरकारले कानुनी व्यवस्था गरेको छ । सामाजिक परीक्षणले व्यवस्थापकीय पारदर्शितामा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा अनुसन्धान गर्दा प्राप्त तथ्याङ्कलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.२.१ आर्थिक कारोवारहरुको जवाफदेहिता

विद्यालयमा भएको आर्थिक कारोबारहरुको जवाफदेहिता कसको हो भनि अध्ययन क्षेत्रका विद्यालयहरुका सरोकारवालाहरु बीच खोजी गर्न अनुसुचीमा संलग्न प्रश्नावलीको आधारमा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको तालिकाद्वारा प्रष्ट भएको छ ।

तालिका ५ आर्थिक कारोवारहरुको जवाफदेहीता

| क्र स | आर्थिक कारोवारको जवाफदेहिता | वि.व्य.स. | शि.अ.संघ | शिक्षक | प्र.अ | विद्यार्थी | स्रोतव्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ. | ४ | ४ | ४ | ४ | १ | १ | १८ | ८५.७१% |
| २ | वि.व्य.स. | - | - | - | - | १ | - | १ | ४.७७% |
| ३ | लेखापाल | - | - | - | - | २ | - | २ | ९.५२% |
| | जम्मा | ४ | ४ | ४ | ४ | ४ | १ | २१ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार जम्मा २१ जना उत्तारदाताहरू मध्ये विद्यालयको सम्पूर्ण आर्थिक कारोवारको जवाफदेहिता प्र.अ.को नै हो भन्ने पुष्टी हुन्छ जसमा प्र.अ.को जवाफदेहीता हो भन्ने पक्षमा १८ जना अर्थात ८५.७१% रहेको छ भने वि.व्य.स.को भन्ने पक्षमा ४.७७% अर्थात १ जना र लेखापालको जवाफदेहीतामा ९.५२% अर्थात २ जना रहेको पुष्टी हुन्छ । यो तथ्याङ्कले के कुरालाई पुष्टी गर्दछ भने विद्यालयको सम्पूर्ण आम्दानीको लेखाजोखा र पारदर्शिता प्र.अ.ले अनिवार्य रुपमा गर्नु पर्दछ भन्ने करालाई जोड दिन्छ । तत्कालीन समयमा विद्यालयको हिसाब किताब राख्ने कार्य सेक्रेटरीले गर्ने गरेको र उसकै निर्देशनमा खर्च गर्ने गरेको भएतापनि राष्ट्रिय शिक्षा पद्धतीको योजना २०२८ पछि विद्यालयमा लाग्ने खर्च सरकारले वेहोर्दै जसले गर्दा विद्यालयवाट समुदाय बाहिरीदै गए । जसको कारण विस्तारै शिक्षाको गुणस्तरमा समेत ह्रास हुदै गयो । यसरी हाल आएर फेरी विद्यालयलाई समुदायमा हस्तान्तरण गरी सक्रिय समुदायको निर्माण गर्ने कार्यमा अगाडि बढाउने सरकारको निति रहेको छ । प्र.अ. र वि.व्य.स. लाई आर्थिक कारोवारको जवाफदेहीता पठाउन खोजेको छ । विद्यालयमा भएको सवै क्रियाकलापको अतिरिक्त व्यवस्थापकीय क्रियाकलापलाई समेत आर्थिक पारदर्शितालाईसार्वजनिक गर्ने व्यवस्था गरिएको छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार योजना र नीति निर्माणको अधिकार समेत स्थानीय तहमा हस्तान्तरण गर्नाले जवाफदेहिता र उत्तरदायित्व पनि स्वतः स्थानीय स्थरमा हुने उल्लेख भए पनि व्यवहारमा भने यसो हुन सकेको छैन ।

### ४.२.२ सामाजिक परीक्षण प्रतिवेदन सार्वजानिकीकरणको अवस्था

सामुदायिक विद्यालयहरुमा सामाजिक परिक्षण गरी प्रतिवेदन तयार गरे पछि सो प्रतिवेदनको सार्वजानिकीकरणको अवस्था कस्तो छ भनी खोजि गर्न अनुसुचीमा उल्लेखित प्रश्नावलीको आधारमा प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ६ सामाजिक परीक्षण प्रतिवेदन सार्वजानिकीकरणको अवस्था

| क्रस | प्रतिवेदनसार्वजानिक | वि.व्य.स. | शि.अ.स्रंघ | विद्यार्थी | शिक्षक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गर्छन | २ | २ | २ | ३ | ९ | ५६.२५% |
| २ | आंशिक | १ | १ | १ | १ | ४ | २५% |
| ३ | गरेकोथाहा छैन | १ | १ | १ | - | ३ | १८.७५% |
| ४ | गर्दैनन् | - | - | - | - | - | - |
|  | जम्मा | ४ | ४ | ४ | ४ | १६ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकावाट हाल सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण गरी सो को प्रतिवेदन सार्वजानिकीकरणको अवस्था ९ जना अर्थात ५६.२५% ले भएको कुरालाई वताएका छन् भने आंशिक रुपमा मात्र भएको कुरा ४ जना अर्थात २५% ले सार्वजानिकीकरण गरेको कुरा थाहै नपाउने सरोकारवालाहरुको प्रतिशत भने ३ जना अर्थात १८.७५% रहेको छ । सामाजिक परिक्षण विद्यालयको आम्दानी र निकासासँग सम्बन्धीत हुने भएकोले १ आ.व. को सामाजिक परीक्षण भदौ महिना लागिसकेपछि सामाजिक लेखा परिक्षण समितिको गठन गरी औपचारिकताको लागि मात्र भए पनि सार्वजानिक गर्ने गरेको पाइन्छ । कार्य सम्पादनको लागि दोहोरो र वास्तविक संचार प्रणाली अपनाउनु पर्दछ भनिएतापनि व्यवहारमा त्यस्तो पाइएन । सवै काम प्र.अ. ले नै गर्नु पर्ने, काम विग्रेमा प्र.अ. त्यसको जिम्मेवारी सप्रेमा सबै हुने गरी उम्कने परीपाटी छ ।

### ४.२.३ सामाजिक परीक्षणवाट व्यवस्थापकीय पारदर्शिताको सम्भावना

विद्यालय समुदायसँग नजिकको सम्बन्ध राख्दछ । जसले गर्दा विद्यालय तहमा सामाजिक परीक्षणवाट व्यावस्थापकीय पारदर्शिताको सम्भावना कस्तो छ भनि अध्ययन क्षेत्रका

वि.व्य.स.,शि.अ.संघ, शिक्षक विद्यार्थी, प्र.अ. र स्रोतव्यक्तिलाई अनुसुचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त भएको प्रतिक्रियालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिका ७ सामाजिक परीक्षणवाट व्यवस्थापकिय पारदर्शिताको सम्भावना

| क्रस | व्यवस्थापकिय पारलर्शिता | वि.व्य.स. | शि.अ.संघ | शिक्षक | विद्यार्थी | स्रोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सम्भव छ | ३ | ३ | ३ | २ | १ | १२ | ७०.५९% |
| २ | आंशिक | १ | १ | १ | १ | - | ४ | २३.५२% |
| ३ | थाहाछैन | - | - | - | १ | - | १ | ५.८९% |
| ४ | सम्भव छैन | - | - | - | - | - | - | - |
| | जम्मा | ४ | ४ | ४ | ४ | १ | १७ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकाको अध्ययनवाट के कुरा प्रष्ट हुन जान्छ भने व्यवस्थापकीय पारदर्शिता सामाजिक परीक्षणमा जम्मा १७ जना उत्तरदाताहरुमध्ये १२ जना अर्थात ७०.५९% सम्भव छ भन्ने कुरा पाइयो भने आंशिक रुपमा ४ जना अर्थात २३.५२% मात्र सम्भव रहेको तथ्याङ्कले वताउछ । खै के गर्छ हामीलाई केही पनि थाहा छैन भन्ने सरोकारवालाहरुको प्रतिशत भने १ जना अर्थात ५.८९% रहेको छ । यस कुराले के स्पष्ट पार्छ भने सरोकारवालाहरु, समुदायको चाहाना पनि आर्थिक पारदर्शिताको चहाना समेत व्यावस्थापकीय पारदर्शिताको रहेको तालिकाले वताउँछ । खास गरी गैर सरकारी संस्थाहरुले आफ्नो योजनाको लागत र आम्दानीका स्रोतहरुलाइ होडिङ वोर्डमा लेखेर सार्वजानिक स्थलहरुमा राख्ने गरेका छन् । विद्यालय पनि समुदायको चासो ठाँउ भएकाले विद्यालयमा भएका आर्थिक कारोवारहरु सार्वजानिक गर्नुपर्छ । सामाजिक परीक्षणको प्रचलनले आर्थिक पारदर्शिता केही हदसम्म भए पनि सहयोग पुऱ्याएको अनुसन्धानवाट प्राप्त तथ्यले पुष्टि गरेको छ । विकेन्द्रीकरणको सिद्धान्त अनरुप व्यवस्थापकीय पारदर्शिताको सम्भावना योजना निति निर्माण सम्बन्ध अधिकार समेत स्थानीय निकायमा हस्तान्तरण गर्न सक्दा मात्र शैक्षिक गुणात्मक तथा व्यवस्थापकीय पारदर्शिताको सम्भावना आउन सक्छ भनी उल्लेख भए पनि व्यवहारमा सो अनुरुप हुन सकेको पाइएन ।

## ४.३ सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरु

सामाजिक परीक्षणले विद्यालयको योजना निर्माणको चरण देखि कार्यान्वयन र प्रतिफल, मूल्याङ्कनको चरण सम्म सरोकारवालाहरुलाई संलग्न गराई हरेक गतिविधि र क्रियाकलाप सार्वजनिक गर्दै पारदर्शि वनाई विद्यालयलाई आलोचना मुक्त बनाउन सहयोग पुग्दछ । विद्यालय समुदायवाट टाढिएको, सरोकार वालाहरुको आलोचना खेपेको, प्र.अ. लाई आर्थिक अनियमितताको आरोप लागेको कारणले सरकारले सामाजिक परीक्षणलाई अनिवार्य बनाएको हो। सरकारले सवै सामुदायिक विद्यालयहरुको भौतिक, शैक्षिक र आर्थिक गतिविधि र क्रियाकलापको सरोकारवालाहरुको तर्फवाट सुक्ष्म तवरवाट अध्ययन, अनुगमन, सर्वेक्षण, लेखाजोखा तथा मूल्याङ्कन गर्ने ऐन कानुन र नियमावलीको व्यवस्था गरी सामाजिक परीक्षणलाई प्रचलनमा ल्याएको हो । विद्यालय प्रति अभिभावकहरुको अपनत्वको भावना जाग्रीत गराउने, जिम्मेवारीको बोध गराउन, जनसहभागीता जुटाउन , आर्थिक तथा व्यवस्थापकीय पारदर्शिताका लागि सरकारले सामाजिक परीक्षण सम्बन्धी कार्यविधि २०६२ लागु गरी २०६३ वाट कार्यान्वयनमा ल्याएको हो। जसलाई थप व्यवस्थित गरी २०६५ समेत लागु गरेको छ । सामाजिक परीक्षणलाई शुरुका दिनहरुमा यसलाई औपचारीकताको रुपमा मात्र सीमित गरिएता पनि पछिल्ला दिनमा यो अलिक व्यवहारीक वनाउन विद्यालय शिक्षाका विभिन्न निकायाहरुले प्रभावकारी भूमिका खेल्दै आएको पाइन्छ । सामाजिक परीक्षणको कार्य सुरु भए पछि थोरै भए पनि केही सुधारात्मक कार्य हुन थालेको छ । त्यसैगरी जिम्बेवारीको बोध समेत भएको छ । तथापी जुनरुपमा सुधार हुनु पर्ने हो सो रुपमा भने हुन सकिरहेको छैन । अनुसन्धानवाट सामाजिक परीक्षणको मर्म र भावना राम्रो भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा थुप्रै समस्याहरु देखा परेका छन् ।

### ४.३.१ प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरु

सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयनमा के कस्ता चुनौतिहरु दखिएका छन् भनि सरोकारवालाहरु सँग अनुसूचीमा संलग्न प्रश्न माथि अन्तरक्रिया गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ८ प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरु

| क्र स | कार्यान्वयनमा देखिएका चुनौतिहरु | वि.व्य.स. | शि.अ.संघ | शिक्षक | विद्यार्थी | स्रोतव्यक्ति | प्र.अ. | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राजनैतिक हस्तक्षेप | - | - | १ | - | - | १ | २ | ९.५२% |
| २ | जानकारीको कमी | २ | २ | १ | २ | - | २ | ९ | ४२.८६% |
| ३ | दक्षजनसक्तिकोअभाव | १ | १ | १ | १ | १ | १ | ६ | २८.५८% |
| ४ | प्र.अ.को भूमिकामा कमी | १ | १ | १ | १ | - | - | ४ | १९.०४% |
| | जम्मा | ४ | ४ | ४ | ४ | १ | ४ | २१ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरुमा ९.५०% अर्थात २ जना उत्तरदाताहरुले राजनीतिक हस्तक्षेप हो भन्ने बतएका छन् भने ९ जना अर्थात ४२.८६% सरोकारवालाहरुले जानकारीको अभाव कारण हो भन्ने वताएका छन् । वास्तममा विद्यालयको व्यवस्थापन , संचालन, रेखदेख, नियन्त्रण , सामाजिक परीक्षण कसरी गर्ने क-कसले गर्ने जिम्मेवारी क-कसको हो भन्ने कुरा सरोकारवालाहरुलाई थाहा नै छैन । सामाजिक परीक्षणमा स्थानीय सरोकारवालाहरुमा जानकारीको अभाव हुनु सामाजिक परीक्षणको कार्यान्वयनको प्रमुख समस्या हो । भने दक्ष जनशक्तिको अभावमा ६ जना अर्थात २८.५८% सरोकारवालाहरुको भनाई रहेको छ । यसले के कुरा प्रष्ट पार्छ भने सरोकारवालाहरुको सामाजिक परीक्षणमा विशेष सीप र क्षमताको अभाव भएको प्रष्ट हुन्छ । ४ जना अर्थात १९.०४% मा सामाजिक परीक्षणको कार्यान्वयन प्रभावकारी नहुनुमा प्र.अ. को भूमिका समेत रहेको छ । प्र.अ.ले यस विषयमा जवसम्म आफु प्रष्ट हुदैन र सरोकारवालाहरुलाई पारदर्शिता ढंगले स्पष्ट लेखाजोखा वारेमा जानकारी गराउदैन तव सम्म सामाजिक परीक्षण कार्यान्वयनमा समस्या आइरहन्छ भन्ने कुराको पुष्टी गर्दछ । सरोकारवालाहरु विद्यालयमा जुटे वापत र काम गरेवापत कुनै पनि प्रकारको मूल्याङ्कन गर्ने परीपाटी नभएको कारणले पनि सामाजिक परीक्षणमा समस्या आएको हो । वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार कामदार र व्यवस्थापकीय पक्ष बीच स्पस्ट कार्यविभाजन हुनु पर्छ विभाजित काम तोकीएको निकायवाट

समयमा नै सम्पादन गर्नु पर्छ कामदारलाई मात्र दोष दिएर आफू उम्कने परीपाटी त्याग्नु पर्छ भनि भनिएतापनि व्यवहारमा यो सिद्धान्तले व्यवहारिक रुप भने पाउन सकेको पाइएन ।

## ४.४ सामाजिक परीक्षणमा देखिएका समस्या  समाधानका उपायहरू

सामाजिक परीक्षणमा देखिएका समस्याहरुलाई  समाधानका उपायहरु के-कस्ता छन् भनि अध्ययन क्षेत्रका सरोकारवालाहरुसँग अनुसुचीमा उल्लेख भएका प्रश्नावलीको आधारमा छलफल गर्दा निम्न प्रतिक्रिया  प्राप्त भएको छ ।

तालिका ९ सामाजिक परीक्षणमा देखिएका समस्या  समाधानका उपायहरु

| क्र स | समाधानका उपायहरु | वि.व्य. स. | शि.अ. संघ | शिक्षक | विद्यार्थी | प्र.अ. | स्रोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिम | २ | २ | २ | २ | २ | १ | ११ | ५२.३९% |
| २ | दण्डसजाय | १ | १ | - | - | - | - | २ | ९.५३% |
| ३ | विकेन्द्रीकरण | - | १ | १ | १ | २ | - | ५ | २३.८०% |
| ४ | अनुगमन | १ | - | १ | १ | - | - | ३ | १४.२८% |
|  | जम्मा | ४ | ४ | ४ | ४ | ४ | १ | २१ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकालाई विश्लेषण गर्दा सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरुमा ११ जना अर्थात ५२.३९% सरोकारवालाहरुले तालिम र गोष्ठीको माध्यमवाट सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्नु पर्ने देखाएको छ । सरोकारवालाहरुलाई सामाजिक परीक्षण सम्बन्धी  ज्ञान र सीपको कारण समेत सामाजिक परीक्षणमा समस्या देखा परेको हो । जसले गर्दा समय समयमा आम समुदाय वा सरोकारवालाहरुलाई सामाजिक परीक्षण सम्बन्धी तालिमको संचालन गर्नु आवश्यक रहेको कुरा पुष्टि हुन्छ । त्यसै गरी २ जना अर्थात ९.५३% सरोकारवालाहरु आर्थिक अनियमिता गर्नेहरुलाई दण्डसजायको भागीदार वनाउनु पर्छ भन्ने कुरामा पुगेको तथ्याङ्कले प्रष्ट पार्दछ ।  ५ जना अर्थात २३.८०% सरोकारवालाहरु विकेन्द्रीकरणमा जोड दिई प्रष्ट हुन्छ जसले गर्दा केन्द्रिकृत कार्ययोजनालाई स्थानीय स्तरमानै

नियमित अनुगमन , मुल्याङ्कन र अवलोकन गरी सामाजिक परीक्षणको समस्या समाधानका उपायहरु खोज्न सकिन्छ भन्ने कुरामा विश्वास गर्छन । ३ जना अर्थात १४.२८ सरोकारवालाहरु नियमित अनुगमन तथा मुल्याङ्कनको अभाव का कारणले समेत सामाजिक परीक्षण प्रभावकारी हुने गरेको छ । जसलाई नियमित रुपमा अनुगमन हुनु जरुरी समेत रहेको छ । यसको लागि वि.नि.र स्रोत व्यक्तिले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । सामाजिक परीक्षण समितिले दिएका सुझावहरु पूर्णरुपमा कार्यान्वयन गर्ने वातावरण वनाउनु पर्छ ।

प्र.अ. ले पनि आर्थिक कारोवारको व्यवस्थित र वैज्ञानिक अभिलेख राख्ने सीप योग्यता बृद्धि गर्न तालिम प्रदान गर्नुपर्दछ । प्र.अ.हरुले दोहोरो लेखा प्रणाली राख्ने सरोकारवालाहरुलाई हरेक आर्थिक कुरामा संलग्न गराउने गरेमा विद्यालय र सरोकारवालाहरुको सम्वन्धमा सुदृढ हुन गई आर्थिक व्यावस्थापकीय, शैक्षिक, भौतिक पक्षको गुणस्तरमा अभिबृद्धि हुन्छ ।

माथिका उपायहरुलाई अवलम्बन गर्दै सेकेसम्म अन्य गतिविधिका अतिरिक्त व्यवस्थापकीय पारर्शितालाई विद्यालय सुसंचचालन र गुणस्तर अभिबृद्धिमा थप टेवा पुग्ने कुरामा विश्वास गर्न सकिन्छ । विद्यालयमा उचित मानव सम्बन्ध विकासित गर्नुपर्छ । सरोकारवालाहरु बीच उचित नेतृत्व सीप, समन्वय, संचार, स्पष्ट कार्यविभाजन विकासित गर्नुपर्छ । राज्यले विकेन्द्रीकरणलाई प्रभावकारी बनाउने नीति ल्याउनुपर्छ । सरोकारवालाहरु बीच विभिन्न विषयमा रहेको द्वन्द्वको अन्त्य गर्नुपर्छ ।

# परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझाव

व्यावस्थापकीय पारदर्शिताका लागि गरिएको यस अध्ययन तथा अनुसन्धान वाट निम्न प्राप्ति, निष्कर्ष र सुझावहरु प्राप्त भएको छ ।

## ५.१ प्राप्तिहरु

विद्यालय तहमा सामुदायिक सहभागिता वढाई विद्यालयको सुपरिवेक्षण र अनुगमनकर्ता रुपमा स्थानीय समुदायलाई नै वनाउने सरकारको नीति अनुरुप सामाजिक परीक्षणलाई कार्यान्वयनमा ल्याइएको छ । सामाजिक परीक्षण कति प्रभावकारी छ र यसले व्यावस्थापकीय पारदर्शिताका लागि कतिको प्रभावकारी भूमिका खेलेकोछ भन्ने विषयमा धनकुटा जिल्ला अन्तर्गतको मार्गा स्रोतकेन्द्र स्थित ४ वटा विद्यालयहरुमा केन्द्रित रहेर यो अध्ययन अनुसन्धान गरिएता पनि विद्यालय तहको नीति निर्माण गर्ने निकायका लागि आगामी दिनमा यो प्रभावकारी टेवा पुऱ्याउने छ । अनुसन्धानले व्यावस्थापकीय पारदर्शिता अतिरिक्त अन्य धेरै पक्षहरुसँग सम्बन्धित प्राप्तिहरु दिन सफल भएको छ ।

सामाजिक परीक्षणको कार्यान्वयन हुन थालेको धेरै वर्ष भएको छैन जसले गर्दा पनि प्र.अ.,शिक्षक र केही अभिभावक संघका अध्यक्ष र वि.व्य.स.पदाधिकारी वाहेक अन्यलाई यो विषय जानकारी नभएको पाइयो । विद्यालयमा आर्थिक कारोवारहरु गर्ने र सोको अभिलेख राख्ने कार्य अधिकांश विद्यालयहरुमा प्र.अ. ले नै राख्ने गरेको पाइयो भने केहि विद्यालयहरुमा मात्र लेखापालले राख्ने गरेको भेटियो । धेरै विद्यालयहरुमा एकोहोरो लेखाप्रणाली अनुसार लेखा राख्ने गरेको पाइयो भने केहि विद्यालयहरुमा सुधारीएको फाराम प्रयोग गरी लेखा राख्ने गरेको पाइयो जवसम्म आर्थिक पारदर्शिता सम्भव छैन एकोहोरो लेखा प्रणाली धेरै जसो विद्यालयहरुमा अपनाइएको पाइयो जो लेखा सम्बन्धी विशेष ज्ञान भएका लेखापाल र प्र.अ.हरु भएका ठाँउमा भात्र दोहोरो लेखा प्रणाली राख्ने गरेको पाइयो । जसले गर्दा मात्र आर्थिक पारदर्शिता सम्भव छ ।

सामाजिक लेखा परीक्षण हाल आएर विद्यालयसँग सम्बन्धित समुदाय र सरोकारवालाहरुले विद्यालयको विभिन्न गतिविधिहरुलाई सघन रुपमा लेखाजोखा गर्ने र उचित मूल्याङ्कन गर्ने क्षमताको विकास हुदै गएको छ । अहिले धेरै विद्यालयहरुमा सामाजिक परीक्षण

हुने गरेको भए तापनि केहि विद्यालयहरु भने सामाजिक परीक्षण औपचारिकतामा मात्र सिमित रहेको छ । केही विद्यालयहरुमा मात्र सामाजिक लेखा परीक्षण गर्ने समिति गठन गरी नियमावली २०६३ (संसोधन) सहितको सामाजिक लेखा परीक्षण गर्ने गरेको पाइयो जुन समितिले सामूदायिक विद्यालयमा भए गरेको सवल र दुर्वल पक्षहरुलाई समेत टिपोट गरी राम्रो कामको प्रशंसा तथा नराम्रा वा कमजोरी पक्षलाई सुधार्नु पर्ने सुझाव सहितको प्रतिवदन तयार गरी विद्यालयमा बुझाउने गरेको र सोही आधारमा प्र.अ. ले आम अभिभावकहरुको भेला गरी विद्यालयको वार्षिक कार्यक्रमको दिन पारी सार्वजनिक गर्ने गरेको पाइयो भने अधिकांश विद्यालयहरुले औपचारिकता पुरा गर्नको लागि मात्र सामाजिक लेखा परीक्षण गर्ने गरेको पाइयो जसले कुनै पनि प्रतिवेदन तयार नगरी त्यसमा सवल दुर्वल पक्ष समेत नछुट्याइ सामाजिक लेखा परीक्षणलाई सार्वजनिक समेत नगर्ने गरेको पाइयो ।

सामाजिक परीक्षण गरी सकेपछि प्रतिवेदनलाई सार्वजनिक गर्ने दिन केही विद्यालयहरुमा आम समुदाय र सरोकारवालाहरुको उपस्थिति सन्तोषजनक र आम समुदायको उपस्थिति न्युन रहेको पाइयो । स्थानीय तहमा नै विकेन्द्रीकरणको नीति अनुरुप सम्पूर्ण कार्य गर्ने जिम्मेवारी दिएको खण्डमा सबै सरोकारवालाहरु र आम समुदायको एउटा चासोको विषय बन्ने थियो । जसले गर्दा प्र.अ. समेत आफ्नो जिम्मेवारीलाई  विद्यालयमा भए गरेका सम्पूर्ण आम्दानी र खर्चलाई होर्डिङ्गबोडको वा आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण राख्न सकेको खण्डमा परीक्षण प्रभावकारी हुन गई व्यावस्थापकीय पारदर्शिता हुने थियो । थोरै विद्यालयहरुमा प्र.अ. हरुले मात्र सामाजिक लेखा परीक्षण समितिले दिएको सुझावलाई कार्यान्वयन गर्छन् भने धेरै विद्यालयका प्र.अ. हरुले लेखा परीक्षणको प्रतिवेदनको सुझावलाई वेवास्ता गर्ने गरेको पाइन्छ । विशेष गरी पहिला पहिलाको समयमा विद्यालयको आय व्यायको लेखाजोखा सेक्रेटरीले गर्ने गरेको पाइन्थ्यो हाल आय व्ययको सम्पूर्ण लेखाजोखा गर्ने काम विद्यालयमा प्र.अ.ले गरेको पाइए तापनि केही विद्यालयमा लेखापालले गर्ने गरेको पाइयो । यस अध्ययनले सामाजिक परीक्षणको कार्य उत्कृष्ट नभए पनि सामान्य रहेको पाइयो  ।

सामाजिक परीक्षण पश्चात विद्यालयका गतिविधि र क्रियाकलापहरुमा आम समुदाय एवम् सरोकारवालाहरुको सहभागितामा बृद्धि क्रमिक रुपमा हुन थालेको छ । यसो भए पनि राम्रो सहभागिता भने छैन । सामाजिक परीक्षणको कार्यले विद्यालयको आम्दानी खर्च  र

व्यवस्थापकीय पारदर्शिता हुन थालेको छ । विद्यालय सेवा क्षेत्रभित्रका आम सरोकारवालाहरुले विद्यालयमा कुन कुन शीर्षकमा कहाँ कहाँबाट आम्दानी भयो त्यो आम्दानी रकम कुन कुन शीर्षकमा खर्च हुँदैछ आदि विषयमा चासो बढ्न थालेको छ ।

सामाजिक परीक्षणको कार्यबाट व्यावस्थापकीय पारदर्शिता हनु थालेको छ । सामाजिक परीक्षणबाट विद्यालयको भौतिक, शैक्षिक, आर्थिक एवम् व्यावस्थापकीय पारदर्शिताका लागि आम समुदाय एवम् सरोकारवालाहरुको क्षमता गर्नु आवश्यक देखिन्छ जसले गर्दा विद्यालयको सम्पूर्ण पक्षको विकास भई शैक्षिक गुणस्तर वृद्धि हुने प्र.अ. र सरोकारवालाहरु बीच राम्रो सम्बन्धको विकास हुन जाने देखिन्छ ।

## ५.२ निश्कर्ष

विद्यालय समुदायसँग नजिक रहने संस्था हो । विद्यालय र समुदाय बीच नङ र मासुको सम्बन्ध रहेको हुन्छ भने विद्यालय संचालन गर्ने प्रमुख भूमिका प्रधानाध्यापक रहन्छ । प्रधानाध्यापकले योजनाकार, शैक्षिक नेता, आर्थिक व्यावस्थापक, व्यवस्थापकीय प्रमुख, समुदाय परिचालक, समन्वय कर्ता मूल्याङ्कनकर्ता, सुपरिवेक्षक र अनुगमनकर्ताको जस्तो मुख्य भूमिका जिम्मेवारी पूर्ण तवरबाट बहन गर्नुपर्छ । विद्यालयलाई सही ढंगबाट अगाडी बढाउनको लागि प्रत्येक सामुदायिक विद्यालयहरुमा विद्यालय संचालनमा सहयोग पुऱ्याउनको लागि नेपाल सरकारले शिक्षा ऐन नियमावली वा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ र लेखा प्रणालीलाई चुस्त दुरुस्त ढंगबाट पारदर्शिता प्रदान गर्नको लागि सामाजिक लेखा समिति समेतको गठन गर्ने व्यावस्था मिलाएको छ । अनुसन्धान तथा सर्वेक्षणको क्रममा कतिपय विद्यालयहरुमा प्रधानाध्यापकले समुदाय तथा सरोकारवालाहरुलाई वेवास्ता गरेको कारण समुदायले पनि विद्यालयलाई वेवास्ता गरीरहेको परिप्रेक्षमा समुदाय र विद्यालयको सम्बन्ध सुदृढ गर्दै विद्यालयलाई स्वच्छ, गुणस्तरयुक्त, पारदर्शिता आदि जस्ता गतिविधि र क्रियाकलापमा सरोकारवालाहरु संलग्नतामा वृद्धि गरी आर्थिक, व्यावस्थापकीय, भौतिक र शैक्षिक सुधार गर्ने उद्देश्यले सामाजिक लेखा परीक्षण कार्यान्वयनमा ल्याइएको हो । सामाजिक परीक्षणबाट विद्याललयमा केही केही नयाँ सुधारका उपायहरु थपिएका छन् । सामाजिक परीक्षणले प्रधानाध्यापकले सरोकारवालाहरु र आम समुदायसँग मिति र समन्वय गरी काम गर्नुपर्छ भन्ने

धारणाको विकास भएको छ। प्र.अ. ले विद्यालयमा निकासा भएका सरकारी र गैरसरकारी निकायबाट अनुदान एवम् त्यस अनुदानका खर्चहरु सुव्यवस्थित र वैज्ञानिक ढंगले राख्नुपर्छ र अभिभावकले वा सरोकारवालाहरुले चाहेको बेलामा देखाउनु र बुझाउनु पर्छ भन्ने धारणाको विकास भएको छ। कुनै विद्यालयको आर्थिक अनियमितताको कारणले सामुदायिक सहभागितामा अवरोध सृजना गर्छ। जसले गर्दा विद्यालयलाई आवश्यक परेको बेला समुदायको सहयोग प्राप्त गर्न सक्दैन। विद्यालय गतिविधि र क्रियाकलापको केन्द्रविन्दु भनेको नै आर्थिक पक्ष र त्यसको खर्च गर्ने तौरतरिका एवम् अभिलेखहरु हुन भन्ने तथ्यलाई यस अनुसन्धानले उजागर गरेको छ।

सामाजिक लेखा परीक्षण गर्न थालेदेखि विद्यालयमा व्यवस्थापकीय पारदर्शिता आउन थालेको छ। सरोकारवालाहरु विद्यालयमा कुन कुन शीर्षकमा के कति रकम निकासा हुने गरेको छ त्यसमा चनाखो हुन थालेका छन्। प्रधानाध्यापकहरुले पनि विद्यालयको हिसाव किताव लुकाउन नसक्ने भएका छन्। विद्यालयको आर्थिक लेखा राख्ने तौरतरिकामा अव परिवर्तन गर्नुपर्छ। समयको माग अनुसार आर्थिक क्रियाकलापलाई छर्लङ्ग ऐना जस्तो पार्नु पर्छ भन्नेमा लागेका छन्। प्रधानाध्यापकले वित्तिय अनुशासन पालना गर्नुपर्छ भन्ने तथ्य समेत यस अनुसन्धानबाट पत्ता लागेको छ। खर्चमा राखेको सम्पूर्ण विल भरपाईको औचित्यता सामाजिक परीक्षण ले हेर्ने भएकोले नक्कली विल भरपाई हिसाव मिलान गर्ने वातावरणको अन्त्य भएको देखिन्छ। हाल आएर अधिकांश विद्यालयहरु चासो लिएर सामाजिक परीक्षणको प्रतिवेदन सुन्न र छलफल गर्न सरोकारवालाहरु विद्यालय आउन थालेका छन्। प्रधानाध्यापकहरुले कार्यान्वयमा ल्याएका छन् कि छैनन् त्यसलाई  गर्नुपर्छ भन्ने भावनाको विकास सरोवालामा हुन थालेको छ।

विद्यालय संचालनको क्रममा विशेष गरी स्थानीय समुदायको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय समुदायको वेवास्ताको कारण विद्यालयमा प्र.अ. ले आर्थिक हिनामिना गरेको र अनियमितता हुने गरेको गुनासोलाई निरुत्साहित गर्न शिक्षा ऐन, कानुन र नियमावली उल्लेखित व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ। समुदायका अभिभावक र सरोकारवालाहरुको क्षमताको अभिवृद्धि गर्न तालिम, गोष्ठी र अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्छ भन्ने तथ्यलाई समेत यस अनुसन्धानले जोड दिएको छ। साथै केन्द्रमा निहित अधिकारहरुलाई स्थानीय तहमा ल्याई विद्यालयमा हुने गरेको आर्थिक अनियमितता र हिनामिना

रोक्न रोकिन सकिन्छ । त्यसकारण विद्यालयमा हुने गरेका आर्थिक, भौतिक, र शैक्षिक गतिविधिमा सरोकारवालाहरुको सघन उपस्थिति आवश्यक छ भन्ने तथ्यलाई यस अनुसन्धानले प्रष्ट पारेको छ ।

विद्यालय प्रति समुदायको अपनत्वको भावनाको जागृत हुन्छ जब सरकारले सबैका लागि शिक्षा सुनिश्चित गरी विद्यालयमा हुने हरेक गतिविधि र क्रियाकलाप पारदर्शि हुनुपर्छ । विद्यालय सुधारका लागि सरोकारवालाहरुलाई प्रेरित र जाजागरुक तुल्याउन सामाजिक परीक्षण अपरिहार्य छ । साथै स्थानीय स्तरमा समपादन गरिने कार्यहरुको गुणात्मक उपलब्धि र दिगोपनका लागि समेत सामाजिक परीक्षण महत्वपूर्ण छ । माथि उल्लिखित पक्षहरुको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालाहरुको चेतना भने आउनुपर्छ ।

यस अनुसन्धानको क्रममा सबै सामुदायिक विद्यालयका सरोकारवालाहरुको समान, चेतना, क्षमता र सोचाई भएको पाइएन । कुनै विद्यलयका सरोकारवालाहरु विद्यालयप्रति अत्यन्तै उत्साहित र जागरुक भएको पाइयो । जसले विद्यालयको आर्थिक, भौतिक र शैक्षिक पक्षको विकासको लागि एकजुट भएर लाग्ने र विद्यालयको हरेक गतिविधिमा सघन रुपमा लेखाजोखा गर्ने गरेको पाइयो भने कुनै विद्यालयका सरोकारवालाहरु चाहि विद्यालय भनेको प्रधानाध्यापक र शिक्षकको मात्र हो जे गर्छन् उनिहरुले नै गर्छन् हामीलाई विद्यालयको कुनैपनि गतिविधिमा क्षमताले समेत भ्याउदैन भनेर उदासिन भएको पाइयो । कतिपय ठाँउका विद्यालयहरुमा अनुगमनको क्रममा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुले विद्यालयलाई चुस्त र दुरुस्त राख्नको लागि नियमित सुपरिवेक्षणको समेत आवश्यकता ठानेका छन् भने जसको लागि केहि सरोकारवालाहरुले खाजा भत्ताको समेत आशा गरेको कुरा उठाएका छन् ।

समग्रमा भन्नु पर्दा विद्यालयको आर्थिक, व्यवस्थापकीय भौतिक र शैक्षिक गतिविधि एवं क्रियाकलापमा सरोकारवालहरुलाई संलग्न र सहभागी गराउदै त्यस्ता क्रियाकलापको सार्वजानिक गर्नु पर्छ तव मात्र विद्यालयको व्यावस्थापकीय , भौतिक र शैक्षिक पक्षमा उन्नति र सुधार भई शैक्षिक गुणस्तरमा बृद्धि सम्भव छ भन्ने निस्कर्ष अनुसन्धानबाट निस्केको छ ।

## ५.३ सुझावहरु

यो अनुसन्धान व्यावस्थापकीय पारदर्शिताका सामाजिक परीक्षणले के कस्तो प्रभाव पारीरहेको छ भन्ने विषयमा केन्द्रित रहेको थियो । सामाजिक परीक्षण गर्न थाले देखि विद्यालयको आर्थिक अनियमिता घटेको छ , हिसाब किताबहरु सार्वजानिक हुन थालेका छन् , प्र.अ. ले लेखा प्रणालीलाई चुस्त र दुरुस्त राख्न थालेका छन् एकोहोरो लेखा प्रणालीलाई दोहोरो लेखा प्रणालीमा राख्न थालिएको छ , सामाजिक परिक्षण समितिले दिइएको सुझावहरुलाई कार्यान्वयन गर्न थालिएको छ । आम समुदाय र सरोकारवालाहरुको विद्यालय प्रति चासो बढ्न थालेको छ, विद्यालय र सरोकारवालाहरुको सम्बन्ध सुमधुर हुन थालेको छ, प्रधानाध्यापकलाई लाग्ने गरेको आरोप क्रमश घट्दै जादैछ, विद्यालयमा जनसहभागिता बढेको छ, प्र.अ.र समुदाय बीच सम्बन्धको विस्तार भएको छ । यति हुँदा हुँदै पनि सामाजिक परिक्षणको सैदान्तिक अवधारणा प्रतिक्रियाहरुमा अझै सरोकारवालाहरु बीच प्रष्ट हुन बाँकी देखिन्छ । सामाजिक परीक्षणले शतप्रतिशत सफलता हासिल गर्न सकिरहेको छैन । त्यस कारण सामाजिक परीक्षण थप प्रभावकारी र सामाजिक परीक्षणको मर्म र भावनालाई बस्तुनिष्ठ , पारदर्शि, सहभागिताको वृद्धि सरोकारवालाहरुको क्षमता अभिवृद्धि आदि जस्ता विषयमा अनुसन्धानको क्रममा सरोकारवालाहरु वाट प्राप्त सूचना, जानकारी, तथ्याङ्कका आधारमा विश्लेषण गरी निस्केको निस्कर्ष र प्राप्तीलाई आधार वनाई केही सुझावहरुलाई निम्ननानुसार प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

विद्यालय र समुदाय बीचको सम्बन्ध सुमधुर हुनु पर्नेमा त्यस्तो सुदृढ सम्बन्ध दखिएन । विद्यालय प्रति समुदाय र सरोकारवालाहरुको अपनत्वको भावना जागृत गर्न आपसी सहयोग, समन्वय र सद्भावको आदान प्रदान गर्दा राम्रो हुने देखिन्छ, विद्यालयको सामाजिक परीक्षण सम्बन्धी निर्देशिका २०६५ ले व्यवस्था गरेको सम्पूर्ण पक्षलाई सफलरुपमा कार्यान्वयनमा लैजान सम्बन्धीत सरोकारवालाहरुलाई तालिम गोष्ठीको कार्यक्रम संचालन गर्दा अझ प्रभावकारी हुने थियो, विद्यालयमा लेखा राख्ने प्रधानाध्यपक वा लेखापाललाई सकेसम्म दोहोरो लेखा प्रणाली अनुसार लेखा राख्न र सोको सम्भावना नभएमा एकोहोरो लेखा प्रणालीद्धारा पनि आर्थिक हिसाब किताबलाई पारदर्शि लेखा विधि सम्बन्धी तालिम दिदा उपयुक्त हुने थियो, विद्यालयको आर्थिक पारदर्शितालाई प्रष्ट पार्न र सरोकारवालाहरुको विश्वास जिती प्र.अ. लाई लाग्ने गरेको

आरोपलाई चिर्नको लागि सबै प्रत्येक मासिक वैठकमा नसके चौमासिकरुपमा भए पनि आम्दानी र खर्चको विवरण वि.व्य.स. र शि.अ.संघ समक्ष पेस गरी पास गर्ने व्यवस्था मिलाउदा अझ राम्रो हुने देखिन्छ, विद्यालयको सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई सामाजिक परीक्षण कसरी, किन, कसका लागि ऐन नियममा सामाजिक परीक्षण सम्बन्धी के व्यवस्था छ, विद्यालयको बार्षिक योजना कसरी र कसले बनाउने अनुगमन र सुपरीवेक्षण क-कसले गर्ने, विद्यालयमा भएको आम्दानी खर्चको अभिलेख कसले राख्ने, कसरी राख्ने, लेखा परीक्षण कसरी हुन्छ, जि.शि.का.बाट कुन कुन शीर्षकमा रकम निकासा हुन्छ सोको बारेमा समुदाय र सरोकारवालाहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम दिदा अझ प्रभावकारी हुने थियो ।

## ५.३.२ अभ्यास तह

सामाजिक परीक्षण समितिको अध्यक्ष वा संयोजक भनेको शिक्षक अभिभावक संघको अध्यक्ष हुने भएकोले अध्यक्षको चयन गर्दा निजपक्ष स्वतन्त्र र लेखा सम्बन्धी सुझबुझ भएको समुदायसँग प्रत्यक्ष रुपमा समायोजन हुन सक्ने खालको भए राम्रो हुने थियो, विद्यालयको सामाजिक परीक्षण एक आर्थिक बर्ष समाप्त भए पछिको भाद्र महिनाको मसान्त भित्र गर्नु पर्ने व्यवस्था सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका (२०६५) ले गरेको हुँदा सोही अनुरुप काम गर्दा अझ उपयूक्त हुने देखिन्छ, विद्यालयमा राजनैतिक हस्तक्षेप, चलखेल र विभिन्न विषयमा देखा परेका द्वन्द्वलाई समयमै निरुपण गर्दा राम्रो हुने थियो, विद्यालयका सरोकारवालाहरु बीच वैज्ञानिक ढंगले कामको वाँडफाँड गर्दा अझ सहज हुने थियो, विद्यालयका विद्यालय व्यवस्थापन समिति, शि.अ.संघ र सरोकारवालहरु राम्रो कामको मात्र आफुले जस लिने र नराम्रो कामको अरुलाई दोष लगाई आफु उम्कने परीपाटी छ यस परिपाटीलाई त्यागी सहयोगी विद्यालय व्यवस्थापनको सामुहिक प्रयत्नवाट मात्र सफल पार्दा सहज हुने थियो, प्र.अ. लाई आर्थिक कारोवारको जिम्मेवारी र जवाफदेहिता वहन गर्न पहिलो अनुगमन वा सुपरिवेक्षणको रुपमा सरोकारवालाहरु रहने गरी केन्द्रमा रहेका अधिकार स्थानीय तहमा विकेन्द्रित गर्दा सामाजिक परीक्षण अझ विश्वासनीय हुने थियो ।

### ५.३.३ अनुसन्धान तह

प्र.अ. ले विद्यालयका सरोकारवालाहरुका बीच प्रभावकारी संचार कायम गरी विद्यालयका  सम्पूर्ण निर्णय प्रक्रियामा सबै सहभागी गराई निर्णय लिनु पर्छ जसले गर्दा काम जवाफदेहीता सबैमा हुन गई विद्यालय संचालनमा सहयोग पुग्ने थियो, विद्यालयमा भएको सम्पूर्ण आम्दानी र खर्चलाई प्रधानाध्यापकले आफ्नो कार्यकक्षमा चार्ट वनाई राख्ने गरेको पाइएन यसरी चार्ट राख्दा विद्यालयको आम्दानी खर्चको विवरण पारदर्शिता भई विद्यालय संचालनको गतिविधिमा सहयोग पुग्ने थियो, शैक्षिक कार्यक्रमको लक्षित समूह विद्यालय र विद्यार्थीहरु हुन् । गुणस्तरीय शिक्षा प्रदान गर्न राज्यले लगानी गर्नुको साथै शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ को व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । प्र.अ.ले आर्थिक हिनामिना र अनियमितता गरेमा कसले, कसरी र कस्तो कारवाही गर्ने भन्ने कुरा कानुनमा व्यवस्था गरे पनि त्यस कानुनलाई प्रभावकारी ढंगले कार्यान्वयन हुन दिदा अझ राम्रो हुने थियो, विद्यालयलाई राम्ररी सुसंचालनको लागि सबै भन्दा महत्वपूर्ण पक्ष आर्थिक पक्ष नै भएको हुँदा त्यसलाई सदैव पारदर्शि राख्दा राम्रो हुने थियो, विद्यालयमा शैक्षिक सामाग्रीको प्रवन्ध मिलाई शैक्षिक गुणस्तर बृद्धि गर्न सदैव सम्पूर्ण शिक्षक, प्र.अ. र आम सरोकारवालाहरु लाग्दा राम्रो हुने देखिन्छ ।

# सन्दर्भ सामग्री

अधिकारी महेन्द्र र अन्य साथीहरु (२०६५) *इपम्यानको जर्नल,* कीर्तिपुर काठमाण्डौः योजना तथा व्यवस्थापन समाज नेपाल ।

कटुवाल, नारायण र थापा शंकर (२०६६) *सामाजिक कार्यकताहरुका लागि आधारभूत ज्ञान* मोरङः ग्रामीण सामुदायिक केन्द्र ।

काफ्ले, वासुदेव र साथीहरु (२०६४) *शिक्षाको वित्तशास्त्र,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

के.सी., नारायणी (२०६५) *समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा स्रोत संकलन र उपयोगतको अध्ययन* कीर्तिपुर काठमाण्डौ त्रि.वि. अप्रकाशित शोधकृति

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६४) *शैक्षिक व्यवस्थापन र संगठानात्मक व्यवहार,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार

कोइराला र सिताराम (२०६२) *शिक्षा प्रकाशन आयमहरु,* काठमाण्डौ : सोपान मासिक डिल्लीबाजार

खड्का शेरजंग (२०६२) *व्यवस्थापनका सिद्धान्तहरु,* प्रर्दशनिमार्ग काठमाण्डौ : निमा पुस्तक प्रकाशन ।

खतिवडा, चैतन्य (२०६६) *विद्यालय सुधार योजना र प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धि (एम.एडको अप्रकाशित शोधपत्र*) सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ

जिल्ला शिक्षा कार्यालय धनकुटा (२०६९) : *शैक्षिक मार्ग निर्देशन पुस्तिकाः* लेखक

तामाङ, गोविन्दमान (२०६६) *आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण* इन्द्रपुर मोरङ सुकुना : (*एम.एड. अप्रकाशित शोधकृति*) सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ

वर्तौला, रामकुमार (२०६५) *संस्थागत विद्यालयहरुमा वित्तीय लगानीको प्रभावकारीता अध्ययन, (एम.एड. अप्रकाशित शोधकृति*) त्रि.वि. केन्द्रीय क्याम्पस किर्तिपुर

शिक्षा तथा खेलकुद मन्त्रालय *(२०६३) विद्यालय अनुदान निर्देशिका एवं विद्यालय स्तरीकरण फाराम,* भक्तपुरः शिक्षा विभाग सानोठिमी

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६३) *विद्यालयमा लेखा व्यवस्था* काठमाण्डौः केशरमहल

स्नातकोत्तर क्याम्पस (२०६३) *प्राज्ञिक अनुसन्धानात्मक जर्नल,* विराटनगरः लेखक

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६५), *विद्यालयको सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका,* काठमाण्डौः लेखक

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६४), *विद्यालय लेखा व्यवस्था* काठमाण्डौः लेखक

# अनुसूची १

## सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण

शिक्षक, अभिभावक संघका अध्यक्षहरुका लागि प्रश्नावली

नाम :- ...................................... ठेगाना.............................. विद्यालय ......................................पद..........

तपाईले तल सोदिएका प्रश्नहरुको आफुलाई लागेको कुरा लेखि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१) सामाजिक परीक्षण वारे तपाँईलाई के थाहा छ ?

क) थाहा छैन ख) सामान्य ग) राम्रो थाहा छ घ) सुनेको मात्र छ

२ तपाँइको साचाइमा विद्यालयको आम्दानी खर्चको जवाफदेहीता कसको हो ?

क) लेखापाल ख) वि.व्या.स. ग) शिक्षक घ) प्र.अ.

३ तपाँइको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गरी विद्यालयको आर्थिक पारदर्शिता गरी सार्वजानिक गर्छन?

क) गर्छन ख) आंशिक ग) गरेको थाहाछैन घ) गर्देनन्

४ व्यवस्थापकिय पारदर्शिताका लागि सामाजिक परीक्षणले नियन्त्रण गर्न सम्भव छ ?

क) आंशिक ख) थाहा छैन ग) छ घ) सम्भव छैन

५ तपाँइको बीचारमा सामाजिक परिक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौति के हुन् ?

क) प्रोत्साहनमा कमी ख) दक्ष जनसक्तिको कमी ग) जानकारीको अभाव घ) प्र.अ.को भुमिकामा कमी

६) सामाजिक परीक्षणको कार्यान्वयनको सम्वन्धमा तपाँइले कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

क) सम्बन्धीत निकायवाट अनुगमनमा कमी ख) राजनैतिक हस्तक्षेप ग) जानकारीको अभाव घ) औपचारीकतामा सिमित

७) क) प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गरेका छन् ?

क) राख्छन् ख) गर्देनन् ग) भ्याउदैनन् घ) थाहा छैन

८) क) सामाजिक परीक्षले व्यवस्थापकीय पारदर्शिताका लागि पारदर्शि वनाएर लैजान तपाँइको के-कस्तो सुझाव रहेको छ

..................................................................................................................

..................................................................................................................

९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के-कस्ता छन् ?

..................................................................................................................

# अनुसूची २

सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुका लागि सोधिएका प्रश्नवाली

नाम :- ........................................ ठेगाना...................................... विद्यालय .....................................................पद....................

तपाईले तल सोधिएका प्रश्नहरुको आफुलाई लागेको कुरा लेखि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१) सामाजिक परीक्षण वारे तपाँईलाई के थाहा छ ?

क) थाहा छैन ख) सामान्य ग) राम्रो थाहा छ घ) सुनेको मात्र छ

३ तपाँइको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गरी विद्यालयको आर्थिक पारदर्शिता गरी सार्वजानिक गर्छन?

क) गर्छन ख) आंशिक ग) गरेको थाहाछैन घ) गर्दैनन्

२ तपाँइको साचाइमा विद्यालयको आम्दानी खर्चको जवाफदेहीता कसको हो ?

क) लेखापाल ख) वि.व्या.स. ग) शिक्षक घ) प्र.अ.

४ व्यवस्थापकिय पारदर्शिताका लागि सामाजिक परीक्षणले नियन्त्रण गर्न सम्भव छ ?

क) आंशिक ख) थाहा छैन ग) छ घ) सम्भव छैन

६) सामाजिक परीक्षणको कार्यान्वयनको सम्वन्धमा तपाँइले कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

क) सम्बन्धीत निकायवाट अनुगमनमा कमी ख) राजनैतिक हस्तक्षेप ग) जानकारीको अभाव घ) औपचारीकतामा सिमित

५ तपाँइको बीचारमा सामाजिक परिक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौति के हुन् ?

क) प्रोत्साहनमा कमी ख) दक्ष जनसक्तिको कमी ग) जानकारीको अभाव घ) प्र.अ.को भुमिकामा कमी

७) क) प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गरेका छन् ?

क) राख्छन् ख) गर्दैनन् ग) भ्याउदैनन् घ) थाहा छैन

८) क) सामाजिक परीक्षले व्यवस्थापकीय पारदर्शिताका लागि पारदर्शि वनाएर लैजान तपाँइको के-कस्तो सुझाव रहेको छ ?

.......................................................................................................................

.......................................................................................................................

९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के-कस्ता छन् ?

.......................................................................................................................

# अनुसूची ३

## सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण

विद्यालयमा कार्यरत शिक्षकहरुका लागि सोधिएका प्रश्नवाली

नामः- ..................................................ठेगाना................................. विद्यालय .................................................... पद............................

तपाईले तल सोधिएका प्रश्नहरुको आफुलाई लागेको कुरा लेखि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१) सामाजिक परीक्षण वारे तपाँईलाई  के थाहा छ  ?

क) थाहा छैन   ख) सामान्य   ग) राम्रो थाहा छ  घ) सुनेको मात्र छ

२)  क) प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गरेका छन्  ?

क) राख्छन्   ख) गर्दैनन्   ग) भ्याउदैनन्   घ) थाहा छैन

३)  तपाँइको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गरी विद्यालयको आर्थिक पारदर्शिता गरी सार्वजानिक गर्छन

क) गर्छन   ख) आंशिक   ग) गरेको थाहाछैन घ) गर्दैनन्

४) व्यवस्थापकिय पारदर्शिताका लागि सामाजिक परीक्षणले नियन्त्रण गर्न सम्भव छ  ?

क) आंशिक   ख) थाहा छैन   ग) छ   घ) सम्भव छैन

५  तपाँइको बीचारमा सामाजिक परिक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौति के हुन्  ?

क) प्रोत्साहनमा कमी   ख) दक्ष जनसक्तिको कमी ग) जानकारीको अभाव घ) प्र.अ.को भुमिकामा कमी

६)  सामाजिक परीक्षणको कार्यान्वयनको सम्वन्धमा तपाँइले कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

क) सम्बन्धीत निकायवाट अनुगमनमा कमी ख) राजनैतिक हस्तक्षेप ग) जानकारीको अभाव घ) औपचारीकतामा सिमित

७)  तपाँइको साचाइमा विद्यालयको आम्दानी खर्चको जवाफदेहीता कसको हो ?

क) लेखापाल  ख) वि.व्या.स.   ग) शिक्षक   घ) प्र.अ.

८)  क) सामाजिक परीक्षले व्यवस्थापकीय पारदर्शिताका लागि पारदर्शि वनाएर लैजान तपाँइको के-कस्तो सुझाव रहेको छ ?

..............................................................................................................

..............................................................................................................

९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के-कस्ता छन् ?

..............................................................................................................

# अनुसूची ४

## सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि लागि सोधिएका प्रश्नवाली

नाम :- ....................................... ठेगाना.......................................... विद्यालय
.................................................पद...........................

तपाईले तल सोधिएका प्रश्नहरुको आफुलाई लागेको कुरा लेखि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु।

१) सामाजिक परीक्षण वारे तपाँइलाई के थाहा छ ?

क) थाहा छैन ख) सामान्य ग) राम्रो थाहा छ घ) सुनेको मात्र छ

२) सामाजिक परीक्षणको कार्यान्वयनको सम्वन्धमा तपाँइले कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

क) सम्बन्धित निकायवाट अनुगमनमा कमी ख) राजनैतिक हस्तक्षेप ग) जानकारीको अभाव घ) औपचारीकतामा सिमित

३) तपाँइको बीचारमा सामाजिक परिक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौति के हुन सक्छ ?

क) प्रोत्साहनमा कमी ख) दक्ष जनसक्तिको कमी ग) जानकारीको अभाव घ) प्र.अ.को भुमिकामा कमी

४) तपाँइको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गरी विद्यालयको आर्थिक पारदर्शिता गरी सार्वजानिक गर्छन ?

क) गर्छन ख) आंशिक ग) गरेको थाहाछैन घ) गर्देनन्

५) क) प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गरेका छन् ?

क) राख्छन् ख) गर्देनन् ग) भ्याउदैनन् घ) थाहा छैन

६) तपाँइको साचाइमा विद्यालयको आम्दानी खर्चको जवाफदेहीता कसको हो ?

क) लेखापाल ख) वि.व्या.स. ग) शिक्षक घ) प्र.अ.

७) क) सामाजिक परीक्षले व्यवस्थापकीय पारदर्शिताका लागि पारदर्शि वनाएर लैजान तपाँइको के-कस्तो सुझाव रहेको छ ?

क) लेखापाल ख) वि.व्या.स. ग) शिक्षक घ) प्र.अ.

८) व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षणले नियन्त्रण गर्न सम्भव छ ?

............................................................................................................

............................................................................................................

९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के-कस्ता छन् ?

............................................................................................................

# अनुसूची ५

सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण सम्बन्धित स्रोतकेन्द्रका स्रोत व्यक्तिलाई सोधिएका प्रश्नवाली

नामः-..................................................ठेगाना...................................... विद्यालय .......................................................पद...........................

तपाईले तल सोधिएका प्रश्नहरुको आफुलाई लागेको कुरा लेखि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१) सामाजिक परीक्षण वारे तपाँईलाई के थाहा छ ?

क) थाहा छैन ख) सामान्य ग) राम्रो थाहा छ घ) सुनेको मात्र छ

२ तपाँइको साचाइमा विद्यालयको आम्दानी खर्चको जवाफदेहीता कसको हो ?

क) लेखापाल ख) वि.व्या.स. ग) शिक्षक घ) प्र.अ.

३ तपाँइको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गरी विद्यालयको आर्थिक पारदर्शिता गरी सार्वजानिक गर्छन?

क) गर्छन ख) आंशिक ग) गरेको थाहाछैन घ) गर्देनन्

४ व्यवस्थापकिय पारदर्शिताका लागि सामाजिक परीक्षणले नियन्त्रण गर्न सम्भव छ ?

क) आंशिक ख) थाहा छैन ग) छ घ) सम्भव छैन

५ तपाँइको बीचारमा सामाजिक परिक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौति के हो ?

क) प्रोत्साहनमा कमी ख) दक्ष जनसक्तिको कमी ग) जानकारीको अभाव घ) प्र.अ.को भूमिकामा कमी

६) सामाजिक परीक्षणको कार्यान्वयनको सम्वन्धमा तपाँइले कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

क) सम्बन्धीत निकायवाट अनुगमनमा कमी ख) राजनैतिक हस्तक्षेप ग) जानकारीको अभाव घ) औपचारीकतामा सिमित

७) क) प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गरेका छन्

क) राख्छन् ख) गर्देनन् ग) भ्याउदैनन् घ) थाहा छैन

८) क) सामाजिक परीक्षले व्यवस्थापकीय पारदर्शिताका लागि पारदर्शि वनाएर लैजान तपाँइको के-कस्तो सुझाव रहेको छ ?

..........................................................................................................

..........................................................................................................

९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के-कस्ता छन् ?

..........................................................................................................

# अनुसूची ६

## सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण

विद्यालयका प्रधानाध्यापहरुलाई सोधिएका प्रश्नवाली

नाम :-....................................... ठेगाना........................................... विद्यालय ......................................................पद............................

तपाईले तल सोधिएका प्रश्नहरुको आफुलाई लागेको कुरा लेखि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१) सामाजिक परीक्षण वारे तपाँइलाई के थाहा छ ?

क) थाहा छैन ख) सामान्य ग) राम्रो थाहा छ घ) सुनेको मात्र छ

२ तपाँइको साचाइमा विद्यालयको आम्दानी खर्चको जवाफदेहीता कसको हो

क) लेखापाल ख) वि.व्या.स. ग) शिक्षक घ) प्र.अ.

३ तपाँइको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गरी विद्यालयको आर्थिक पारदर्शिता गरी सार्वजानिक गर्छन ?

क) गर्छन ख) आंशिक ग) गरेको थाहाछैन घ) गर्दैनन्

४ व्यवस्थापकिय पारदर्शिताका लागि सामाजिक परीक्षणले नियन्त्रण गर्न सम्भव छ ?

क) आंशिक ख) थाहा छैन ग) छ घ) सम्भव छैन

५ तपाँइको बीचारमा सामाजिक परिक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौति के हुन् ?

क) प्रोत्साहनमा कमी ख) दक्ष जनसक्तिको कमी ग) जानकारीको अभाव घ) प्र.अ.को भुमिकामा कमी

६) सामाजिक परीक्षणको कार्यान्वयनको सम्वन्धमा तपाँइले कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

क) सम्बन्धीत निकायवाट अनुगमनमा कमी ख) राजनैतिक हस्तक्षेप ग) जानकारीको अभाव घ) औपचारीकतामा सिमित

७) आय व्यायको सार्वजकि गर्ने दिन अभिभावकहरुको उपस्थिति कस्तो रहेको छ ?

क) उल्लेखिय ख) न्यून ग) मध्यम घ) भ्याउदैनन् ?

८) क) सामाजिक परीक्षले व्यवस्थापकीय पारदर्शिताका लागि पारदर्शि वनाएर लैजान तपाँइको के-कस्तो सुझाव रहेको छ ?

...........................................................................................................

...........................................................................................................

९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के-कस्ता छन् ?

...........................................................................................................

# अनुसुची-७

## सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण

### नमुना छनौटमा परेका विद्यालयको विवरण

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| | श्री ठाकुरदेवी उ.मा.वि. | आँखिसल्ला-६, थलथले धनकुटा |
| | श्री टप्पुदेवी उ.मा.वि. | आँखिसल्ला-१, चम्पा धनकुटा |
| | श्री सिद्धदेवी मा.वि. | आँखिसल्ला-२, साप्तीङ्गटार, धनकुटा |
| | श्री सिद्धठाकुर नि.मा.वि. | आँखिसल्ला-७, माम्फीङ |

# अनुसुची-८

## सामुदायिक विद्यालयहरुमा व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण

### उत्तरदाताहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | पद | विद्यालय | ठेगाना |
|---|---|---|---|---|
| १ | श्री रणबहादुर राई | वि.व्य.स. अ. | श्री ठाकुरदेवी उ.मा.वि. | आँखिसल्ला-६ |
| २ | श्री रेवतराम भण्डारी | शि.अ.संघ अ | श्री ठाकुरदेवी उ.मा.वि. | आँखिसल्ला-६ |
| ३ | श्री डिल्लीराम न्यौपाने | प्र.अ. | श्री ठाकुरदेवी उ.मा.वि. | आँखिसल्ला-६ |
| ४ | श्री पदम भण्डारी | शिक्षक | श्री ठाकुरदेवी उ.मा.वि. | आँखिसल्ला-६ |
| ५ | श्री चन्द्रकला कार्की | विद्यार्थी | श्री ठाकुरदेवी उ.मा.वि. | आँखिसल्ला-६ |
| ६ | श्री झनकलाल राई | वि.व्य.स.अ | श्री टप्पुदेवी उ.मा.वि. | आँखिसल्ला-६ |
| ७ | श्री | अभिभावक | श्री टप्पुदेवी उ.मा.वि. | आँखिसल्ला-१ |
| ८ | श्री कृष्णप्रसाद आचार्य | प्र.अ. | श्री टप्पुदेवी उ.मा.वि. | आँखिसल्ला-१ |
| ९ | श्री मीत्रबहादुर वि.क. | शिक्षक | श्री टप्पुदेवी उ.मा.वि. | आँखिसल्ला-१ |
| १० | श्री मनिराज विष्ट | विद्यार्थी | श्री टप्पुदेवी उ.मा.वि. | आँखिसल्ला-१ |
| ११ | श्री युद्धबहादुर खड्का | वि.व्य.स.अ. | श्री सिद्धदेवी मा.वि. | आँखिसल्ला-२ |
| १२ | श्री कमल राई | शि.अ.संघ अ. | श्री सिद्धदेवी मा.वि. | आँखिसल्ला-२ |
| १३ | श्री रत्न राई | प्र.अ. | श्री सिद्धदेवी मा.वि. | आँखिसल्ला-२ |
| १४ | श्री रामकुमार राई | शिक्षक | श्री सिद्धदेवी मा.वि. | आँखिसल्ला-२ |
| १५ | श्री अशोक राई | विद्यार्थी | श्री सिद्धदेवी मा.वि. | आँखिसल्ला-२ |
| १६ | श्री दुर्गा राई | वि.व्य.स.अ. | श्री सिद्धठाकुर नि.मा.वि. | आँखिसल्ला-७ |
| १७ | श्री दलबहादुर राई | शि.अ.संघ अ. | श्री सिद्धठाकुर नि.मा.वि. | आँखिसल्ला-७ |
| १८ | गोपाल कार्की | प्र.अ. | श्री सिद्धठाकुर नि.मा.वि. | आँखिसल्ला-७ |
| १९ | मीनकुमार राई | शिक्षक | श्री सिद्धठाकुर नि.मा.वि. | आँखिसल्ला-७ |
| २० | श्री चकीमाया राई | विद्यार्थी | श्री सिद्धठाकुर नि.मा.वि. | आँखिसल्ला-७ |
| २१ | खगेन्द्रप्रसाद आचार्य | स्रोतव्यक्ति | श्री मार्गा स्रोतकेन्द्र | वेलहारा-४ धनकुटा |